"सिद्धलेक गाउँपालिकाको प्रतिवद्धता, गुणस्तरीय शिक्षामा सुनिश्चितता"




# हाम्रो सिद्धलेक



## आधारभूत शिक्षा (तह १-५)

### स्थानीय विषयको पाठ्यक्रम

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ

**स्थानीय विषयको पाठ्यक्रम कक्षा (१-५) निर्माणका सल्लाहकारहरु**

- श्री परशुराम खतिवडा, अध्यक्ष, सिद्धलेक गाउँपालिका
- श्री सविता अर्याल उपाध्यक्ष, सिद्धलेक गाउँपालिका
- श्री रामप्रसाद शर्मा, प्रमुख प्रशासकीय अधिकृत, सिद्धलेक गाउँपालिका

  संयोजक, सामाजिक विकास समिति, सिद्धलेक गाउँपालिका

  शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
- वडाध्यक्ष ज्यूहरु वडा नं.१ देखि ७ सम्म तथा सबै कार्यपालिका सदस्यहरु
- गाउँपालिका भित्रका विद्यालयका प्रधानाध्यापहरु र शिक्षकहरु
- विभिन्न विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरु तथा स्थानीय शिक्षाप्रेमी बुद्धिजीवीहरु

प्रकाशक
सिद्धलेक गाउँपालिका
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

प्रथम संस्करण : २०८२

## भनाइ

आजको २१औं सताब्दीमा विद्यार्थीहरुले विश्व परिवेशमा भएका विषयवस्तुहरुको जानकारीसँगै स्थानीय परिवेशका बारेमा पनि जानकार हुन आवश्यक हुन्छ । स्थानीय परिवेश, रहनसहन, प्राकृतिक, धार्मिक तथा साँस्कृतिक स्रोतसाधनहरुको पहिचान गरी त्यसको महत्वलाई नबुझिकन शिक्षाको उद्देश्य पूरा हुन सक्दैन् र तिनीहरूको दिगो संरक्षण पनि हुन सक्दैन् । तसर्थ यस सिद्धलेक गाउँपालिकाले स्थानीय आवश्यकताका विषयवस्तुहरुलाई समेटेर स्थानीय विषयको पाठ्यक्रम "हाम्रो सिद्धलेक (कक्षा १–५) २०८२" निर्माण गरी प्रकाशनसँगै गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा लागू गर्न लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ ।

यस गाउँपालिकामा विभिन्न महत्वपूर्ण शैक्षिक, धार्मिक, साँस्कृतिक केन्द्रहरु रहेको बहुजातिय, बहुभाषिक संस्कृति भएको यस्तो पहिचानलाई औपचारिक विद्यालय शिक्षामा  समावेश गरिएकोले यो पाठ्यक्रम महत्वपूर्ण रहेको छ । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्वलाई शिक्षाको मुलधारमा ल्याउन गरिएको प्रयास उदाहरणीय रहेको छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा १–५) अध्ययनरत विद्यार्थी लगायत स्थानीय समूदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरुको संरक्षण र संबर्धन गर्दै भविष्यमा आईपर्न सक्ने प्रकोप र बिपद्का असरहरु न्यूनीकरण गर्न समेत अभिप्रेरित गर्नेछ भन्ने मैले बिश्वास राखेको छु । स्थानीय पेशा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत्वलाई बुझेर यस पाठ्यक्रमको लेखन तथा सम्पादनमा संयोजन गर्नुहुने गाउँपालिकाका शिक्षा शाखा, प्रधानाध्यापक, बिषयगत शिक्षकहरु तथा सरोकारवालाहरु र पाठ्यक्रम लेखन तथा सम्पादन र यस पाठ्यक्रमलाई मुर्त रुप दिन खोज अनुसन्धान कार्यमा सहयोग पुर्याउने                    लाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । यसैगरी प्र्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, वडाध्यक्षहरू, स्थानीय शिक्षा विद्, शिक्षाप्रेमी सम्पूर्ण महानुभावहरूले आ–आफ्नो क्षेत्रबाट पुर्याउनु भएको सहयोगप्रति आभार प्रकट गर्दछु । यस पाठ्यक्रम निर्माणको सुरुवाती चरणबाट अन्त्यसम्म सहभागी भइ गहन अध्धयन गरी सुझाव दिनुभएकोमा विषय विज्ञहरुप्रति पनि कतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा, यसमा कुनै कमीकमजोरी रहन गएमा विज्ञ विद्वतवर्गको सुझाव सहित आगामी दिनमा संशोधन गरिदै लगिने वाचाका साथ यो पाठ्यक्रम यस गाउँपालिका र जिल्लाकै लागि अविष्मरणीय कृतिका रुपमा ग्रहण गर्दै यसको सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

परशुराम खतिवडा
अध्यक्ष
सिद्धलेक गाउँपालिका

शुभ–कामना

स्थानीय आवश्यकताका विषयवस्तुहरुलाई समेटेर यस सिद्धलेक गाउँपालिकाले आफ्नो शैक्षिक अधिकारको उपयोग गरी स्थानीय विषयको पाठ्यक्रम "हाम्रो सिद्धलेक (कक्षा १–५) २०८२" निर्माण र प्रकाशनसँगै गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा लागू हुन लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ ।

सिद्धलेक गाउँपालिका बहुजातिय, बहुभाषिक, बहुसंस्कृति र प्राकृतिक रुपमा समेत सम्पन्न भएको एक महत्वपूर्ण र ऐतिहासिक क्षेत्र हो । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्वलाई शिक्षाको मुलधारमा ल्याउन गरिएको प्रयास सबैका लागि मार्गदर्शन हुन सक्छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा १–५) अध्ययनरत विद्यार्थी लगायत स्थानीय समूदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरुको संरक्षण र संबर्धन गर्दै भविष्यमा आईपर्न सक्ने प्रकोप र बिपद्का असरहरु न्यूनीकरण गर्न समेत अभिप्रेरित गर्नेछ भन्ने मैले बिश्वास राखेको छु । स्थानीय पेशा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत्वलाई बुझेर यस कार्यलाई अगाडी बढाउनका लागि हौसला प्रदान गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू, त्यसैगरी कार्यक्रम सफल बनाउन लागिपर्ने शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, पाठ्यक्रम लेखन तथा सम्पादनमा सहयोग गर्ने विज्ञ लगायत सम्पूर्ण सरोकारवालाहरु प्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

यस पाठ्यक्रमको प्रभावकारी र दिगो कार्यान्वयनको कामना सहित हार्दिक सुभकामना व्यक्त गर्दछु ।

**राम प्रसाद शर्मा**

प्रमुख प्रशासकीय अधिकृत

सिद्धलेक गाउँपालिका

भनाइ

संविधानले दिएको अधिकार तथा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को मर्मलाई पालना गर्दै स्थानीय आवश्यकताका विषयवस्तुलाई समेटेर सिद्धलेक गाउँपालिकाले स्थानीय सरकोकारवालाहरुको सहभागीतामा स्थानीय आवश्यकताका विषयवस्तुहरु पहिचान गरी तिनीहरुलाई समेटेर स्थानीय विषयको पाठ्यक्रम "हाम्रो सिद्धलेक (कक्षा १–५) २०८२" निर्माण गरी प्रकाशनसँगै यस गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरुमा लागू गर्न लागेकोमा यसको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

शिक्षामा स्थानीय आवश्यकताको महत्वलाई अझ सशक्त पारी स्थानीय बालबालिकाहरुको समग्र विकासमा समेत महत्वपूर्ण योगदान पुगोस भन्ने मूल उद्देश्यका साथ यो पाठ्यक्रम तयार पारिएको हो । स्थानीय विज्ञ, विषय विज्ञ, जनप्रतिनिधिहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको निरन्तर प्रयासबाट यो पाठ्यक्रमले मूर्त रुप पाएको हो । त्यसकारण यस पाठ्यक्रम निमार्णका क्रममा आवद्ध हुनु भएका सम्पूर्ण सरोकारवाला व्यक्ति, संस्थाप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी स्थानीय पाठ्यक्रमको महत्व बुझेर यस पाठ्यक्रमलाई लागू गर्न तत्परता देखाउनु हुने अध्यक्ष तथा कार्यपालिकाका सदस्य ज्यूहरु लगायत सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, विद्यालय व्यवस्थापन समितीका पदाधिकारी ज्यूहरु, लगायत विद्यालयसँग सम्बद्ध सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

पाठ्यक्रम एउटा निरन्तर प्रक्रिया समेत हो यसलाई समय सापेक्ष परिमार्जन गर्दै लैजानुपर्दछ । तसर्थ यो पाठ्यक्रमको प्रभावकारी कार्यन्वयन र अर्थपूर्ण नतिजाको लागि यहाँहरुको रचनात्मक सुझावको अपेक्षा सहित विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनको सफलताको कामना गर्दछु ।

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
सिद्धलेक गाउँपालिका

**विषयवस्तु**

१. परिचय

२. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्दान्त र प्रक्रिया

३. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यता

४. विषय क्षेत्र छनोट

५. तहगत सक्षमता

६. विषयवस्तुको क्षेत्र र क्रम

७. विषयवस्तुको विस्तृतीकरण

८. पाठ्यक्रमको पाठ्यघण्टा र अङ्क विभाजन तालिका

९. सिकाई सहजीकरण प्रक्रिया

१०. विद्यार्थी मूल्याङ्कन

११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

१२. समय निर्धारण

१३. पाठ्यक्रम परिमार्जन

१४. अनुसूचीहरू

## १. परिचय

### १.१ पृष्ठभूमी

नेपाल एउटा विविधताले भरिपूर्ण मुलुक हो । भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता नै यस देशका प्रमुख विशेषता हुन् । यसैले विद्यालय तहमा केन्द्रबाट तयार गरी वितरित पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई आवश्यक  ज्ञान, सीप र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न सक्दैन भन्ने यथार्थता अनुरूप स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो ।

साधारण अर्थमा स्थानीयस्तरका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक सामग्री नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठामा पुऱ्याउँछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, साँस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद् व्यवस्थापन आदि सँग सम्बन्धित विषयवस्तुहरू समावेश गर्न सकिन्छ ।

### १.२ स्थानीय पाठ्यक्रमको सम्बन्धमा भएको व्यवस्था

स्थानीय पाठ्यक्रमलाई अवधारणागत रूपमा प्रस्ट्याउने क्रममा नेपालका विभिन्न दस्तावेजमा रहेका प्रावधानलाई हेर्नुपर्छ। हाल कार्यान्वयनमा रहेका नीतिहरूमा स्थानीय पाठ्यक्रमका बारेमा निम्नानुसार उल्लेख भएको पाईन्छ ।

**नेपालको संविधान**

वि.सं. २०७२ सालमा जारी नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ। यसको उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ । अतः यसलाई व्यवहारमा कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रममार्फत समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ । यसका लागि स्थानीय पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयन नै एक शसक्त माध्यम रहेको हुन्छ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गीत गरेको छ। यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ।

### राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १–३ मा साप्ताहिक पाठ्यभार ५ अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४–८ मा यसका लागि ४ पाठ्यभार अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ। उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छः स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ । राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ । स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

### स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन, २०७६

नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा २०७६ सालमा तयार पारिएको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन २०७६ (मातृभाषा सहित) समेतले राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ लाई आधार मानेर स्थानीय विषयको पाठ्यक्रम निर्माण र लागू सम्बन्धी मार्गदर्शन प्रदान गरेको छ ।

### अन्तर्राष्ट्रिय अभ्यास

विद्यालय स्तरमा स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयन विश्वका विकसित लगायत बिकासोन्मुख र नेपाल जस्तै गरीव देशहरुमा समेत हुँदै आईरहेको पाईन्छ । विशेष गरी युरोपियन मुलुक नर्वे, फिनल्याण्ड लगायतका देशहरुमा विद्यालयहरुले आ-आफ्नै आवश्यकताका आधारमा स्थानमा आधारित पाठ्यक्रमहरु निर्माण गरी लागू गर्दै आएका छन् । यी देशका पाठ्यक्रमहरु विषय क्षेत्रमा(Theme based) आधारित रहेर बनाईएका छन् । विशेष गरी स्थानीय प्रविधि र सीपलाई जोड दिई प्रयोगात्मक शिक्षालाई प्रर्वधन गर्ने कार्यमा स्थानीय विषयवस्तुका पाठ्यक्रमहरु समेत महत्वपूर्ण हुँदै आएका छन् । कतिपय विद्यालयहरुले व्यवसायिक शिक्षा (Vocational education) र आर्थिक क्रियाकलापसँग जोडेर पनि पठनपाठन गरिरहेका छन् । जसबाट स्थानीय सांस्कृतिक धरोहर संरक्षण, स्थानीय ज्ञान, सीपको प्रवर्धन हुनका साथै विद्यार्थीहरुमार्फत विद्यालयहरुमा आर्थिक क्रियाकलाप पनि संचालन भइरहेका हुन्छन् ।

एसियाली देशहरु जपान, चीन, थाइल्याण्ड, फिलिपिन्स लगायतका देशहरुमा पनि स्थानीय आवश्यकताका आधारमा विद्यालयहरुले आफ्नै पाठ्यक्रम बनाएर लागू गर्ने गरेका छन् । यी देशहरुमा पनि स्थानीय संस्कृति, प्रबिधि र सीपको प्रवधर्न गरी आर्थिक क्रियाकलापसँग जोड्ने तरिकाले पाठ्यक्रमको योजना गरी कार्यान्वयन गर्ने गरेको पाईन्छ । विशेष गरी थाइल्याण्डको स्थानीय पाठ्यक्रमको बिकास क्रमलाई हेर्ने हो भने ९० को दशकबाट नै समुदायसँग सम्बन्धित ज्ञानलाई उजागर गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गरी राष्ट्रिय शिक्षा ऐनमा स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रमको कुरालाई समावेश गरेको पाईन्छ । त्यसपछिका दिनहरुमा स्थानीय ज्ञान (Local Wisedom) को रुपमा ठाउँमा आधारित स्थानीय संस्कृति, प्रविधि, सीप र ज्ञानलाई उजागर गर्दै आर्थिक क्रियाकलापसँग समेत जोडेर आधारभूत तह विद्यालय शिक्षामा ३० प्रतिशतसम्म स्थानीय विषयवस्तुहरु पठनपाठन हुने गरेको छ । यसरी लागू गरिने स्थानीय विषयको पाठ्यक्रमले

विद्यार्थीहरुलाई आफ्नो क्षेत्रको प्रकृति, संस्कृति, परम्परागत प्रविधि, सीपको उपयोग, संरक्षण र प्रवर्धन गर्न प्रेरित गर्नुका साथै आर्थिक क्रियाकलापमा समेत सहयोग पुऱ्याईरहेको पाईन्छ ।

विश्वव्यापी रुपमै स्थानीय पाठ्यक्रम कार्यान्वयनका उदाहरणहरु अध्ययन अवलोकन गर्ने हो भने सबैजसो देशहरुमा ठाउँ र आवश्यकता अनुसार स्थानीय प्रकृति, संस्कृति, भाषा, परम्परागत सीप र प्रबिधिलाई नै उजागर गर्नेगरी पाठ्यक्रमहरु निर्माण गरी लागू गर्ने गरेको पाईन्छ । जसबाट विद्यार्थीहरुमा स्थानीय प्रविधिमा आधारित सीपको विकास हुन्छ भने स्थानीय धरोहरहरुको प्रवर्धन र संरक्षण गर्दै उक्त कुराहरुलाई दैनिक क्रियाकलापसँग जोड्न समेत सक्षम हुन्छन् ।

## १.३ विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूतशिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमता स्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत तथा कक्षागत संरचना निम्नानुसार निर्धारण गरिएको छ ।

| **विद्यालयको तह** | **कक्षा** | **उमेर समुह** |
|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष |
| आधारभूत | १-३ | ५ देखि ७ वर्ष |
| | ४-५ | ८ देखि ९ वर्ष |
| | ६-८ | १० देखि १२ वर्ष |
| मध्यमिक | ९-१० | १३ देखि १४ वर्ष |
| | ११-१२ | १५ देखि १६ वर्ष |

## १.४ विद्यालय शिक्षाको पाठयक्रम संरचना

### आधारभूत तह कक्षा १-३

| **क्र.स.** | **विषय सम्बन्धी क्रियाकलाप** | **पाठ्यघण्टा** | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| **जम्मा** | | २६ | ८३२ |

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।

**आधारभूत तह कक्षा ४-५**

| क.स. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शरीरिक तथा सृजनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| **जम्मा** | | ३२ | १०२४ |

## २. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्धान्त र प्रक्रिया

पाठ्यक्रममा सिकारुका लागि स्थानीय आवश्यकता र सन्दर्भमा आधारित विषयवस्तु समावेश गरिनुपर्दछ भन्ने भनाइका आधारमा स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणालाई विश्लेषण गर्न सकिन्छ । स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place-based education theory) ले वातावरण तथा ग्रामीण जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विद्यार्थीसामु फरक ढङ्गले राख्न स्थानीय पाठ्यक्रम निर्माण हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ । त्यस्तै समाजिक पुनर्संरचनावादी सिद्धान्त (Social Reconstructivism Theory)ले पाठ्यक्रम निर्माणमा सामाजिक आवश्यकता, सामाजिक मुद्दा, सामयिक विचार र भविष्यपरक आशा उल्लेख गर्नुपर्ने कुरामा जोड दिन्छ (Murray Print, 1998)।

सर्वाङ्गीण बालविकासको अवधारणालाई विचार गरी बालकेन्द्रित सिकाइ सिद्धान्तमा आधारित भई विकास गरिएको यो पाठ्यक्रमले मूलतः राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा उल्लेख गरिएका सिद्धान्तहरूलाई नै पाठ्यक्रम विकासका सिद्धान्तका रूपमा लिएको छ। अन्तरविषयक तथा बहुविषयक विषयक्षेत्रमा आधारित भई एकीकृत सिद्धान्तअनुसार पाठ्यक्रमको संरचना तयार गरिएको छ भने जीवनोपयोगी तथा व्यवहार कुशल सिपहरूसमेत एकीकृत गरिएको छ । यो पाठ्यक्रम विकास गर्दा नेपालका सामाजिक, सांस्कृतिक तथा भाषिकलगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गरिएको छ । यस पाठ्यक्रममा नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानको प्रतिनिधित्वका साथै विद्यार्थीको सहभागिता, कार्य तथा खोजलाई जोड दिइएको छ। पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन तहगत सक्षमताहरू पहिचान गरिएको छ ।

यसै शिलसिलामा धादिङ जिल्ला, सिद्धलेक गाउँपालिका अन्तर्गतका विद्यालयहरूका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि गाउँपालिकाका अध्यक्ष सहित गाउँ कार्यपालिकाका सदस्यहरू, विद्यालयका प्रधानाध्यापकहरु एवं शिक्षक शिक्षिकाहरू, स्थानीय बुद्धिजीवी तथा संघसंस्थाहरूको उपस्तिथितिमा आयोजना गरीएको चरणबद्ध कार्यशालामा विद्यालयहरूमा कक्षा १ देखि ५ सम्मको स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्ने क्रममा समावेश भएका विषयवस्तुहरुलाई नै आधार मानी

उक्त दस्तावेजलाई समेत समेटेर एकमुष्ठ रुपमा कक्षा १-५ को लागि स्थानीय पाठ्यक्रम तयार गर्ने विषयमा छलफल भएको थियो । यसका लागि यसै क्षेत्रको प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक, आर्थिक र सामाजिक मूल्य मान्यता तथा योग व्यायामको बारेमा आधारभूत तहका बालबालिकाहरूलाई परिचित गराउन वाञ्छनीय रहेको निष्कर्ष निकालिएको थियो । त्यसै अनुरूप स्थानीय विषय विज्ञहरू तथा मुख्य सरोकारवालाहरूको चरणवद्धरुपमा लेखन, छलफल र अन्तरक्रियाबाट यो पाठ्यक्रमको निर्माण गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०८२ बाट चरणबद्ध रुपमा कक्षा १-५ मा लागू हुनेछ ।

## ३. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यता

नेपाल सरकार पाठ्यक्रम बिकास केन्द्रद्धारा निर्माण गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ स्वीकृत भई चरणबद्ध रुपमा लागू हुने क्रममा रहेको छ । उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १-३ सम्ममा पाँचओटा विषय (गणित, नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय) राख्नुपर्ने प्रावधान रहेको छ । त्यसैगरी कक्षा ४-८ मा पनि स्थानीय भाषा वा स्थानीय प्रविधिमा आधारित विषयवस्तु वा स्थानीय आवश्यकताको विषयवस्तुको पाठ्यक्रम निर्माण गरी लागू गर्नुपर्ने प्रावधान रहेको छ । स्थानीय विषयको पाठ्यक्रम वा मातृभाषामध्ये एक विषय छनोट गरी स्थानीय तहबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान रहेको छ ।

बालबालिकाको सिकाइ आफ्नो वासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ । त्यसका लागि बालबालिकाहरूले आफ्नो गाउँ तथा समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यवहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रीय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सिप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेश अनुसारको ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न आवश्यक भएकाले र संवैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले स्थानीय तहले स्थानीय पाठ्यक्रम तयार गर्नुपर्ने हुन्छ । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहाय बमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछन् :

क) स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण तथा संवर्धन गर्न ।

ख) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न ।

ग) स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन ।

घ) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

ङ) स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न ।

च) परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, संवर्धन र विकास गर्न सहयोग पुऱ्याउन

छ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न ।

ज) सभ्य र सुसंस्कृत समाजको निर्माणमा सहयोग गर्न ।

## ४. विषय क्षेत्र छनौट

क) सिद्धलेक गाउँपालिकाको भौगोलिक, ऐतिहासिक परिचय र गाउँपालिकाको संरचना तथा सेवा सुविधाहरु

ख) स्थानीय वातावरणमा पाइने वनस्पति, जडीबुटी र पशुपंक्षीहरू, प्रदूषण, फोहोरमैला व्यवस्थापन, उर्जा, खनिज, जलवायु परिवर्तन र यस क्षेत्रको सेरोफेरोमा रहेका नदीनाला, तालकुण्ड, पहाड र खनिज पदार्थ

ग) स्थानीय क्षेत्रमा हुन सक्ने भूकम्प, बाढी, पहिरो, आगजनी, चट्याङ, हुरी, बतास र सडक दुर्घटना

घ) स्थानीयस्तरमा प्रचलित भाषा, चाडपर्व, मेलाजात्रा, धर्मसंस्कृति, रीतिरिवाज र भेषभुषा, जातजाती, परम्परागत सामग्रीहरू

ङ) यस क्षेत्रमा रहेका मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिद र अन्य धार्मिक सम्पदाहरू

च) स्थानीय सामाजिक मूल्यमान्यता, सस्कार र सकरात्मक व्यवहार

छ) स्थानीय क्षेत्रमा प्रचलित परम्परागत पेसा, व्यवसाय, उद्योगधन्दा तथा आयआर्जनका क्रियाकलापहरू

ज) स्थानीय क्षेत्रमा परम्परागत रुपमा खेलिने खेल, योग व्यायामहरू र सन्तुलित भोजन

झ) हरित विद्यालयको अभ्यास

## ५. तहगत सक्षमता

सक्षमतामा आधारित पाठ्यक्रमको लागू पश्चात विद्यार्थीहरुको मुल्याङ्कन गर्दा उनीहरुको बुझाई तथा ज्ञानको तह (Knowledge), सिपको तह (Skill) र विद्यार्थीहरुको व्यवहारिक परिवर्तन (Attitude) लाई समेत मुल्याङ्कन गर्न सकिन्छ । यसै आधारमा यो स्थानीय विषयको पाठ्यक्रम समेत सक्षमतामा आधारित भई बिकास गरिएको हो ।

**कक्षा १-३ को सक्षमता**
यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछन् :

- आफू बसेको ठाउँ, टोल, वडा र गाउँपालिकाको नाम र पहिचान
- स्थानीय क्षेत्रमा पाइने बोटविरुवा र जीवजन्तुको पहिचान, उपयोग र संरक्षणमा सहभागीता
- स्थानीय क्षेत्रमा भएका जलस्रोतको पहिचान र उपयोग
- व्यक्तिगत सरसफाई र वातावरणीय सरसफाईको सीप
- प्रकोप तथा दुर्घटना र विपद्को पहिचान र सावधानी
- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको नाम र संरक्षण
- स्थानीय बाजा, जातजाति, भाषा र भेषभूषाको पहिचान र सम्मान
- स्थानीय चाडपर्वमा सहभागीता
- मेलमिलाप तथा आदर-सत्कारको सीप
- स्थानीय कृषि तथा व्यापार व्यवसायको पहिचान
- स्थानीय प्रविधिमा आधारित उद्योग- व्यवसायको पहिचान र महत्वबोध
- स्थानीय क्षेत्रमा खेलिने खेलहरुको अभ्यास र खेल सामग्रीहरुको उचित प्रयोग
- योग ध्यानको प्रारम्भिक अभ्यास
- बाल बगैंचाको निर्माण

**कक्षा ४-५ को सक्षमता**
यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा ४ र ५ का विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछन् :

- आफ्नो गाउँपालिका र छिमेकी गाउँपालिकाको पहिचान
- गाउँपालिकाको सामान्य ऐतिहासिक र भौगोलिक परिचय
- स्थानीय क्षेत्रमा पाइने औषधिजन्य बोटविरुवाको पहिचान, उपयोग र संरक्षणमा सहभागीता
- स्थानीय वन तथा वरपर पाइने चरा लगायत वन्यजन्तुको संरक्षणमा सहभागीता
- गाउँपालिका क्षेत्रभित्र भएका पानीका मुहान, सिमसार क्षेत्रको पहिचान, उपयोग, महत्वबोध र संरक्षणमा सहभागीता
- वातावरणीय प्रदुषण, त्यसको असर पहिचान र आफ्नो विद्यालय, घर, टोलमा फोहोर व्यवस्थापन सम्बन्धी सीप
- भूक्षय, बाढी, पहिरो, डुवान, आगलागी, चट्याङ, भूकम्प जस्ता प्रकोप तथा सडक दुर्घटना, जैविक महामारीले ल्याउन सक्ने विपद्बाट सावधानी तथा सुरक्षाका उपायहरुको अवलम्बन
- जिल्लाका तथा स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरुको पहिचान र संरक्षणमा सहभागीता
- स्थानीय जातजातिको भाषा, भेषभूषा, संस्कृतिको महत्वबोध र सम्मान
- स्थानीय मेलाजात्रा, चाडपर्वको पहिचान र सहभागीता
- स्थानीय जातजातीहरुले पाहुना तथा मान्यजनलाई गर्ने आदर सत्कारको अनुसरण

- स्थानीय क्षेत्रमा गरिने कृषि बाली लगाउने सीप
- स्थानीय उत्पादनको बजारीकरणको महत्वबोध
- स्थानीय प्रविधिमा आधारित उद्योग- व्यवसायको पहिचान, महत्वबोध र केही सामान बनाउने सीप
- स्थानीय क्षेत्रमा परम्परागत रुपमा खेलिने खेलहरुको पहिचान र अभ्यास
- प्राकृतिक र पत्रु खानाको पहिचान र खाना खाने सहि तरिकाको सीप
- स्थानीय सामाजिक संघसस्था तथा व्यक्तिको समुदायमा योगदानको परिचय र अनुसरण
- विद्यालय क्षेत्रमा हरीयालीको महत्व र बाल बगैंचा निर्माण

## ६. विषयवस्तुको क्षेत्र र क्रम

**कक्षा १–५**

| क्र.स. | क्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|---|
| १. | **सिद्धलेक गाउँपालिकाको परिचय** | गाउँपालिकाको भूगोल र राजनैतिक विभाजनको परिचय | ● आफू जन्मेको ठाउँ, टोल, वडा र गाउँपालिकाको नाम बताउन र आफ्नो वस्तीमा भएका बाटाहरु | ●गाउँपालिकाको चार सिमाना र वडाहरु<br>●गाउँपालिकाको भौगोलिक अवस्थाको परिचय | ● गाउँपालिकाको सामान्य नक्सा र नक्सामा वडाहरु र चार सिमाना पहिचान | ● गाउँपालिकाको एतिहासिक पृष्ठभूमी तथा छिमेकी गाउँपालिकाको नाम | ●गाउँपालिका क्षेत्रको भू-बनोटको -वनजंगल, खेतीयोग्य, भू-सतह) पहिचान |
| २. | **प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण** | स्थानीय बोटविरुवा | ● स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरुको नाम | ● स्थानीय क्षेत्रमा पाइने तरकारी बाली, अन्न, फलफूलबाली | ● स्थानीय क्षेत्रमा पाईने बोटविरुवाको महत्व र तिनीहरुको उपयोग | ● स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको नाम | ● स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको उपयोग र महत्व |
| | | स्थानीय जीवजन्तु | ● स्थानीयस्तरमा पालिने घरपालुवा जनावरहरू र वन्यजन्तुहरू | ● स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको उपयोगिता र महत्व | ● स्थानीय वनमा पाइने वन्यजन्तु तथा चराहरुको सूची र महत्व | ● स्थानीय वनमा पाइने जनावरहरुको पहिचान र तिनीहरुको परिचय | ● स्थानीय क्षेत्रमा पाइने चराहरुको परिचय |
| | | जलस्रोत | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरु | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको उपयोग | ● स्थानीय जलस्रोत क्षेत्रको परिचय | ● स्थानीय क्षेत्रमा जलस्रोतको प्रदुषणका कारण र असरहरु | ● स्थानीय जलस्रोत संरक्षण र व्यवस्थापनमा स्थानीय प्रयास |
| | | फोहोरमैला व्यवस्थापन | ● फोहोरमैलाको पहिचान र आफू | ● फोहोरमैलाको पहिचान र त्यसलाई | ● फोहोरमैलाको वर्गीकरण ( | ● फोहोरमैलाले स्थानीय स्तरमा | ● स्थानीय क्षेत्रमा वातावरण प्रदुषण ( |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | बस्ने वरिपरीको वातावरण को सफाई | कुहिने र नकुहिनेमा वर्गीकरण | ठोस, तरल र ग्याँस) र ठोस फोहोर को व्यवस्थापन | पारेको असर | जल, वायु, ध्वनि, जमीन) को पहिचान |
| ३. | **प्रकोप र विपद् व्यवस्थापन** | प्राकृतिक र मानव निर्मित प्रकोप | ● स्थानीय क्षेत्रमा हुनसक्ने विभिन्न प्रकोप र विपद्हरू को पहिचान | ● प्राकृतिक तथा मानवीय कारणबाट आउन सक्ने विपत्तिहरू | ● स्थानीय क्षेत्रमा सडक दुर्घटना को कारण, असर पहिचान र सावधानी | ● स्थानीय क्षेत्रमा चट्याङ, हावाहुरी, आगलागी/ डढेलो, घर आगलागीको पहिचान र सावधानी | ● स्थानीय क्षेत्रमा भूक्षय, पहिरो, वाढी तथा डुबानको पहिचान र सावधानी |
| ४. | **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● गाउँपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरुको नाम | ● गाउँपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरु नाम र महत्व | ● आफ्नो तथा छिमेकी वडामा रहेका प्रमुख ऐतिहासिक तथा धार्मिक स्थलहरूको पहिचान | ● सिद्धलेक गाउँपालिका भित्रका प्रमुख धार्मिक स्थलहरूको जानकारी जस्तैः सिद्धलेक मन्दिर, मल्लिपुर, पन्चकन्या मन्दिर, चक्रमहाकाली, बाघबच्छला मन्दिर, साततले गुफा आदि) | ● जिल्लाका स्थानीय मठ, मन्दिर तथा प्रमुख धार्मिक स्थलहरूको बारेमा जानकारी |
| | | स्थानीय पर्यटकीय स्थलको परिचय | ● गाउँपालिका भित्रका प्राकृतिक पर्यटकीय क्षेत्रहरुको नाम | ● गाउँपालिका भित्रका प्राकृतिक पर्यटकीय क्षेत्रहरुको महत्व | ● गाउँपालिकामा रहेका मुख्य मुख्य प्राकृतिक सम्पदाहरूको सामान्य | ● सिद्धलेक गाउँपालिकामा रहेका चारवटा प्राकृतिक सम्पदाको परिचय | ● धादिङ जिल्लाभित्र रहेका मुख्य प्राकृतिक सम्पदाहरू |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | जानकारी | | |
| ५. | **स्थानीय भाषा, जातजाति, भेषभूषा, चाडपर्व र संस्कृति** | स्थानीय जातजाति, भाषा र भेषभूषा | • आफ्नो टोल बस्तीमा बसोबास गर्ने जात जातिहरु को सूची | • स्थानीय विभिन्न जातजातिहरू को थरहरु र भेषभूषाहरु तथा जन्मदेखि मृत्युसम्मको संस्कारहरूको सूची | • स्थानीय तामाङ, मगर, गुरुङ, ब्रह्मन, क्षेत्री भाषाबारे जानकारी<br>• गुन्यूचोलि र छेवर संस्कारमा गरिने कार्यहरूको बारे जानकारी | • स्थानीय जातजाति, भाषा, भेषभूषा र संस्कृतिको पहिचान र महत्वबोध तथा संरक्षणमा सहयोग | • स्थानीय मगर, तामाङ्ग, गुरुङ जाति (भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु संस्कार) |
| | | स्थानीय चाडपर्व र संस्कृति | • स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरुको नाम | • स्थानीय बासीले मनाउने कुनै चारओटा चाडपर्वहरू को नाम र क्रियाकलाप | • स्थानीय रुपमा मान्ने चाडपर्वहरुको जानकारी | • विभिन्न चाडपर्वको बारेमा जानकारी | • स्थानीय रूपमा मनाउने गरिदै आएका जस्तै : छेवर, पास्नी, गुन्यूचोली आदि चाडपर्वबारे जानकारी |
| | | स्थानीय बाजागाजा र नाच | • स्थानीय रूपमा प्रयोग हुने कुनै दुईवटा बाजाको नाम बताउन र कुनै नाच | • स्थानीय बालगीत<br>• प्रचलित कुनै दुईओटा स्थानीय बाजाको छोटो परिचय र स्थानीय रूपमा नाचिने कुनै नाचको छोटो परिचय | • स्थानीय बाजाको परिचय र बाजा बजाउने अभ्यास ( मादल, डम्फु, खैजडी, टुङ्ना, बाँसुरी, आदि ।) | • स्थानीय क्षेत्रमा बजाइने बाँसुरी र कर्नाल बाजाको परिचय तथा लाखे नाचको सामान्य जानकारी | • पञ्चेबाजा तथा लाखे नाच, देउसी भैलो सम्बन्धी जानकारी |
| ६. | **स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता** | कृषि | • स्थानीय स्तरमा उब्जनी हुने पाँचओटा अन्नबालीका नाम | • स्थानीय कृषि उत्पादनहरुको पहिचान र वर्गीकरण ( अन्नबाली, | • विभिन्न बालीको सूची र खेती गर्ने तरिका | • स्थानीय क्षेत्रमा गर्न सकिने व्यवसायहरूको सूची र झोला बुन्ने, | • कृषि उत्पादन सञ्चयका लागि अपनाइने विधिहरू |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | फलफूल, तरकारी, पशुपालन, जडीबुटी) | | टपरी गास्ने सीप | |
| | | परम्परागत व्यापार व्यवसाय | • स्थानीय बजार र गाउँघरमा हुने व्यापार व्यवसायहरुको नाम | • स्थानीय बजार र गाउँघरमा हुने व्यापार व्यवसायहरुको पहिचान | • परम्परागत स्थानीय व्यवसायको महत्व | • परम्परागत व्यवसायको संरक्षणमा स्थानीय समुदाय | • स्थानीय उद्योग, व्यापार, कृषि आदि व्यवसायको सम्भाव्यता |
| | | स्थानीय प्रविधिमा आधारित उद्योग-व्यवसाय | • स्थानीय ठाउँमा उत्पादन हुने वस्तुहरु | • स्थानीय ठाउँमा उत्पादन हुने विभिन्न कृषि कार्यमा उपयोग हुने औजारहरु | • स्थानीय प्रविधिमा आधारित उद्योगहरुको परिचय र महत्व | • गाउँपालिकाको क्षेत्रभित्रको पहिलो उद्योगको परिचय | • स्थानीय व्यापार, पेसा र व्यवसायको बजार व्यवस्थापनको महत्व व्यवसायको सम्मान |
| ७. | **सामाजिक मूल्य मान्यता र असल संस्कार** | असल संस्कार | • स्थानीय क्षेत्रमा प्रचलित असल संस्कारको नाम | • स्थानीय भाषामा पारिवारिक नाता र नाप, तौलहरूको नाम | • गुन्यूचोलि र छेवर संस्कारमा गरिने कार्यहरूको बारे जानकारी | • स्थानीय समाजसेवीको परिचय र उनीहरुको समाजमा योगदान | • स्थानीय सेवामुलक संघसंस्थाहरुको छोटो परिचय |
| | | नैतिक मुल्य मान्यता आदर-सत्कार | • साथी, गुरुहरू, परिवारका सदस्यहरू र छिमेकी बालबालिकासँग घुलमिल र आदर सत्कार | • साथी, गुरुहरू, परिवारका सदस्यहरू र छिमेकी बालबालिकासँग घुलमिल र आदर सत्कार गर्ने तरिकाहरु | • परिवारिक मेलमिलाप कायम राख्नको लागि हामीले गर्नुपर्ने कार्यहरुको महत्वबोध र अनुसरण | • सभ्य परिवार र आत्म अनुशासन | • समूदाय तथा समाजमा सभ्य परिवारको परिचय र असल परिवारमा अविभावकले खेल्नुपर्ने भूमिका |
| ८. | **स्थानीय खेलकुद र योग व्यायाम** | स्थानीय खाना र खेलहरु | • स्थानीय स्तरमा खेलिने खेलहरुको | • स्थानीय ठाउँमा परम्परा देखि | • ढिडो, गुन्द्रुक आदि | • परम्परागत खीर, रोटी र ढिँडो बनाउने | • स्थानीय खानाका परिकार जस्तै : |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | नाम र अभ्यास (कुनै २ वटा खेल) | प्रचलनमा आएका खानाका परिकारहरु र स्थानीय खेलकुदहरु | बनाउने विधि<br>• स्थानीय स्तरमा खेलिने खेलहरुको परिचय र अभ्यास | सीप सम्बन्धी वर्णन<br>• स्थानीय खेलहरुबारे जानकारी | ढिडो र गुन्द्रुक, खिर, जाउलो, सुजीको हलुवा बनाउने विधि आदी । |
| | | योग व्यायाम | • योग ध्यानको प्रारम्भिक अभ्यास | • योग ध्यानको प्रारम्भिक अभ्यास | • दैनिक जिवनमा सामन्य योग ध्यानको अभ्यास | • सामान्य योग तथा ध्यानको अभ्यास | • स्थानीय स्तरमा खेलिने खेलकुद तथा योग व्यायामको महत्व |
| ९. | **हरित विद्यालय** | हरित विद्यालय | • विद्यालयमा भएका वा बगैंचामा फुल्ने फूलहरुको नाम | • बाल बगैंचाको महत्वबारे जानकारी | • विद्यालयमा बालबगैचाको संरक्षणमा सहयोग | • विद्यालयमा कक्षागत बाल बगैंचाको विकास र संरक्षण | • कक्षागत बाल बगैंचा सम्बन्धी जानकारी |

## ७. विषयवस्तुको विस्तृतीकरण र सहजीकरण प्रक्रिया

### कक्षा १

| **क्षेत्र** | **मुख्य विषयवस्तु** | **समावेश गर्नुपर्ने विषयवस्तुहरु** | **सिकाई उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाई सहजीकरण क्रियाकलाप** | **शिक्षण सामग्री** | **मुल्याङ्कन प्रक्रिया** | **पाठ्य घण्टा** |
|---|---|---|---|---|---|---|---|---|
| सिद्धलेक गाउँपालिका को परिचय | गाउँपालिका को परिचय, भौगोलिक र राजनैतिक विभाजन | • गाउँपालिका को नाम र आफू बसोबास गर्ने ठाउँको परिचय<br>• आफ्नो टोल वस्तीमा भएका बाटोहरुको परिचय | • आफू जन्मेको ठाउँ, टोल, वडा र गाउँपालिकाको नाम बताउन र आफ्नो वस्तीमा भएका बाटाहरु चिन्न | • गाउँपालिका को नाम र आफू बसोबास गर्ने ठाउँको वर्णन<br>• आफ्नो टोल वस्तीमा भएका बाटोहरुको चिनारी | • तपाई कहाँ बस्नुहुन्छ भनेर सबै बालबालिकाहरूलाई सोध्ने ।<br>• प्राप्त उत्तरलाई टिप्दै जाने, सिद्धलेक गाउँपालिकाको ७ वटा वडाहरू अंकित नक्सा देखाएर उनींहरू बस्ने वडा देखाइदिने ।<br>• हामी बस्दै आएको गाउँपालिकाको नाम सिद्धलेक हो | • विद्यालय भएको क्षेत्रको नक्सा वा फोटो<br>• गाउँपालिकाको वडाहरु देखिने नक्सा<br>• स्थानीय बाटोहरुको चित्र नक्सा<br>• विद्यालय नजिकको टोलको फोटो<br>• श्रव्यदृश्य सामग्रीहरु | • विद्यालयको नाम, ठेगाना र नजिकको बाटोको नाम सोध्ने ।<br>• आफ्नो घर भएको गाउँपालिका र वडाको नाम सोध्ने ।<br>• विभिन्न समयमा गाउँपालिकाको नाम, तथा आफू बस्ने | २० |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | भनी भन्न, चिन्न र लेख्न लगाउने<br>● सिद्धलेकका विभिन्न ठाउँको भिडियो सामग्री देखाएर छलफल गराउने<br>● विद्यालय वरपरका ठाउँहरू घुमाउने, बाटोहरु चिनाईदिने र छलफल गर्ने । | | वडा भने नभनेको यकिन गरी सिकाइ उपलब्धिको मापन गर्ने ।<br>● चित्र वा भिडियो देखाइ बाटो छ छैन् पत्ता लगाउन लगाउने । | |
| प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | स्थानीय बोटविरुवा | ● स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरु को नाम | ● स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरु को पहिचान गर्न | ● स्थानीय बोटविरुवाहरु -फलफूल, झारपात, अन्न, तरकारी, जडीबुटीहरु | ● स्थानीय ठाउँमा पाईने विभिन्न बोटविरुवाहरुको सूची बनाई चित्र सहित प्रस्तुत गर्ने ।<br>● विद्यालयको वरिपरि स्थलगत अध्ययन गराई त्यहाँ उपलब्ध विरुवाहरू देखाउने र वरिपरी देखिने विरुवाहरु फलफूलको नाम भन्न लगाउने । | ● विभिन्न बोटविरुवा हरुको नक्सा, चित्र<br>● विभिन्न साना बोटविरुवा हरु | ● आफ्नो विद्यालय र टोलमा पाईने बोटविरुवाहरुको नाम भन्न लगाउने ।<br>● चित्र देखाई विभिन्न विरुवाहरु चिन्न लगाउने ।<br>● आफ्नो बस्तीमा पाईने कुनै तीन वटा फलफूल वा तरकारीको नाम भन्न लगाउने । | ६ |
| | स्थानीय जीवजन्तु | ● स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू र वन्यजन्तुहरू | ● स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू र वन्यजन्तुहरूको पहिचान गरी नाम बताउन | ● स्थानीय क्षेत्रमा पालिने घरपालुवा जनावर तथा पंछीहरु / स्थानीय वनमा पाईने जनावरहरु | ● विद्यालय नजिकैको कुनै घर वा कृषि फर्ममा लगेर त्यहाँ भएका जीवजनावर तथा चराचुरुङ्गीहरू देखाइ तिनीहरूको नाम भन्न, पहिचान गर्न सिकाउने । जस्तैः गाई, भैंसी, भेडा, बाखा आदि । | ● विभिन्न घरपालुवा तथा वन्यजन्तुहरुको फोटो | ● आफ्नो घर वा नजिकको घरमा पालिएका जीव जनावरहरूको नाम सोध्ने ।<br>● विभिन्न वन्यजन्तुहरूको फोटो देखाइ | ६ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● स्थानीय क्षेत्रमा पालिने विभिन्न जनावरहरूको फोटो देखाइ नाम भन्न, पहिचान गर्न लगाउने ।<br>● स्थानीय क्षेत्रमा पाइने विभिन्न जनावरहरूको फोटो देखाइ नाम भन्न लगाउने । जस्तैः स्याल, बँदेल, चितुवा, काग, गिद्ध, आदि । | | चिन्न लगाउने ।<br>● फोटोहरू मार्फत बहुबैकल्पिक प्रश्नहरू गर्ने । | |
| | जलस्रोत | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरु | ● आफ्नो टोल र वरिपरी भएका पानीको स्रोतहरुको पहिचान गरी नाम बताउन | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम | ● स्थानीय क्षेत्रमा भएका विभिन्न पानीका स्रोतहरूको जस्तैः थोपल खोला, च्याँङुखोला, मृकुतीखोला खोला, धारा, कुवा, इनार, खोल्सा आदि । फोटो देखाइ तिनीहरूको नाम भन्न लगाउने र चिनाईदिने ।<br>● विद्यार्थीहरूलाई नजिकको पानीको स्रोतमा अवलोकन भ्रमण गराइ त्यसलाई चिनाउने र प्रयोगबारे बताईदिने । | ● पानीका विभिन्न स्रोतहरुको चित्र, फोटो<br>● श्रव्यदृष्य सामग्रीहरु | ● पानीका स्रोतहरूको नाम सोध्ने ।<br>● चित्र/फोटो देखाइ स्रोतको नाम चिन्न र भन्न लगाउने ।<br>● पानीका स्रोतहरूको चित्र बनाउन लगाउने ।<br>● फोटोहरू मार्फत बहुबैकल्पिक प्रश्नहरू गर्ने । | ६ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | प्रदुषण र फोहोरमैला व्यवस्थापन | ● फोहोरमैलाको परिचय<br>● घर, आँगन, विद्यालय, वरिपरीको वातावरणको सरसफाई | ● फोहोरमैलाको पहिचान गरी आफू बस्ने वरिपरीको वातावरण सफा राख्न सहयोग गर्न | ● फोहोरमैलाको परिचय घर, आँगन, विद्यालय, वरिपरीको वातावरणको सरसफाइ - बढार्ने, धुने, जथाभावी फोहोर नफ्याँक्ने बानीको बिकास | ● फोहोर र सफा वातावरणको चित्र वा भिडियो देखाइ सरसफाईको बारेमा छलफल गर्ने ।<br>● जथाभावी फोहोर गर्नुहुँदैन भनेर सिकाउने ।<br>● कक्षाकोठामा राखिएका डस्टवीनहरूमा कागजका टुक्राहरू राख्न लगाउने । | ● फोहोर सफा ठाउँ बुझाउने फोटो तथा चित्रहरु<br>● सरसफाईमा उपयोग गर्न सकिने विभिन्न सामग्रीहरु<br>● श्रव्य दृष्य सामग्रीहरु | ● चित्रहरू देखाइ सफा र फोहोर वातावरण छुट्याउन लगाउने ।<br>● विद्यार्थीहरूको दैनिक क्रियाकलाप अवलोकन गर्ने ।<br>● कक्षाकोठा तथा घर, विद्यालय वरिपरी सफा राख्नुपर्ने कारणहरुबारे सोध्ने । | ७ |
| **प्रकोप र विपद् व्यवस्थापन** | प्राकृतिक र मानव निर्मित प्रकोप | ● स्थानीय क्षेत्रमा भएका तथा हुनसक्ने प्रकोप | ● स्थानीय क्षेत्रमा हुनसक्ने विभिन्न प्रकोप र विपद्हरूको पहिचान गरी नाम बताउन | ● स्थानीय क्षेत्रमा हुनसक्ने विभिन्न प्रकोप र विपद्हरूको नाम जस्तैः आगलागी, सडक दुर्घटना, वाढी, पहिरो, डुबान, भूकम्प लगायतको नाम | ● विभिन्न पत्रपत्रिकाहरू तथा पोष्टरहरूमा प्रकाशित भएका आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, डुबान, भूकम्प गएका चित्रहरू प्रर्दशन गर्ने र चिनाउने ।<br>● विद्यार्थीहरूलाई विद्यालय नजिकैको पहिरो वा नदी कटान वा डुबान क्षेत्रको | ● प्रकोप, विपद तथा दुर्घटना सम्बन्धी फोटो, चित्रहरु<br>● श्रव्य दृक्ष्य सामग्री | ● फोटोहरू देखाइ प्रकोपका नामहरू भन्न लगाउने ।<br>● विपद्का नाम सम्बन्धित फोटोहरू सित जोडा मिलाउन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरू गर्ने । | १० |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अवलोकन गराउने ।<br>● प्रकोप सम्बन्धी भिडियो देखाउने । | | | |
| **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● गाउँपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरु | ● गाउँपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरुको पहिचान गरी नाम बताउन | आफ्नो टोल बस्तीमा भएका प्रमुख ऐतिहासिक तथा धार्मिक स्थलहरूको जस्तै : वालदेवी मन्दिर, सिद्देश्वर मन्दिर, पन्चमुखी मन्दिर, कालीदेवी मन्दिर, छेदुङ गुम्बा, सत्यवती मन्दिर आदि । | ● तपाईको घर वरपर कनै मन्दिर छ ? भनी सोध्ने र विद्यार्थीहरूले भनेको कुरा टिपेर छलफल गराउने<br>● विद्यालय वरपरका धार्मिक स्थलहरुको भिडियो वा फोटोहरु देखाएर वर्णन गर्ने ।<br>● विद्यालय नजिकै कुनै धार्मिक स्थल भएमा भ्रमण गराई छलफल गर्ने ।<br>● मन्दिर वा मानेको चित्रमा रङ भर्न लगाउने । | ● स्थानीय धार्मिक, साँस्कृतिक, ऐतिहासिक ठाउँहरुको फाटो, त्यस सम्बन्धी ब्रोसर<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडीयो, डकुमेन्ट्री | ● भिडियो वा तस्वीर देखाएर मन्दिरको नाम भन्न चिन्न लगाउने ।<br>● आफ्नो घर वरपर रहेको मन्दिर तथा धार्मिक स्थलको नाम बताउन लगाउने । | १० |
| | स्थानीय पर्यटकीय स्थलको परिचय | ● गाउँपालिका भित्रका प्राकृतिक | ● गाउँपालिका क्षेत्रभित्र भएका प्राकृतिक | ● गाउँपालिका क्षेत्रभित्र भएका पर्यटकीय | ● स्थानीय पर्यटकीय क्षेत्रहरूको नाम र चित्र संकलन | ● स्थानीय पर्यटकीय ठाउँहरुको फाटो, त्यस | ● चित्र देखाइ कुन पर्यटकीय क्षेत्रको नाम | १० |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | पर्यटकीय क्षेत्रहरु | पर्यटकीय ठाउँहरुको पहिचान गर्न र नाम बताउन | ठाउँहरुको नाम जस्तैः चारधाम, बागवच्छला मन्दिर, कुम्पुर लेक टावरमा रहेको पशुपति मन्दिर, सत्यवती मन्दिर, सिद्धलेक मन्दिर, साततले गुफा आदि । | गरी प्रदर्शन गर्ने र ठाउँ चिनाइ दिने । जस्तैः पोखरी डाँडा, ढकनीटार, साततले गुफा, बाघबच्छला मन्दिरभुमेस्थान जन्ती ढुंगा, मल्लिपुर आदि ।<br>● विद्यालय नजिकको पर्यटकीय ठाउँको अवलोकन भ्रमण गराइ त्यसको बारेमा छोटो परिचय दिने । | सम्बन्धी ब्रोसर<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडीयो, डकुमेन्ट्री आदि | हो भनि सोध्ने ।<br>● आफ्नो घर र विद्यालय नजिकको पर्यटकीय ठाउँको नाम सोध्ने ।<br>● बहुबैकल्पिक प्रश्नोत्तर गर्ने । | |
| **स्थानीय भाषा, जातजाति, भेषभूषा, चाडपर्व र संस्कृति** | स्थानीय जातजाति, भाषा, भेषभूषा र संस्कृति | ● आफ्नो टोल बस्तीमा बसोबास गर्ने जात जातिहरुको सूची | ● आफ्नो टोल बस्तीमा बसोबास गर्ने जात जातिहरुको सूची बताउन | ● आफ्नो टोल बस्तीमा बसोबास गर्ने जातजातिहरु जस्तै : ब्राहमण, क्षेत्री, तामाङ, मगर, नेवार, आदिको सामान्य जानकारी । | ● बालबालिकाहरूलाई आफ्नो जात (थर) भन्न लगाउने ।<br>● समुह विभाजन गरी स्थानीय स्तरमा बसोबास गर्ने जातजातिहरूको सूची तयार गर्न लगाउने । जस्तैः ब्रामण, क्षेत्री, तामाङ, मगर, नेवार, आदि ।<br>● शिक्षकले आफ्नो नाम, थर र ठेगाना | ● विभिन्न स्थानीय जातजातिको सूची<br>● शब्द पत्ती | ● तपाईको ठाउँमा बसोबास गर्ने कुनै पाँच जातजातिहरूको नाम बताउनुहोस् ।<br>● फोटो देखाई भेषभूषा चिन्न लगाउने ।<br>● बहुबैल्पिक प्रश्नहरु गर्ने । | ७ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | लेख्ने / बताउने ।<br>● बालबालिकालाई परिचय दिन लगाउने । | | | |
| | स्थानीय चाडपर्व, रितीरिवाज र संस्कार | ● स्थानीय चाडपर्वहरु | ● स्थानीय समुदायमा मनाइने कुनै तीनवटा चाडपर्वको नाम बताउन । | ● स्थानीय स्तरमा मनाइने पर्वहरु जस्तै : ल्होछार, , स्थानीय झाक्री प्रदर्शन, माघे सङ्क्रान्ती, दशैं, तिहार, तीज, गाईजात्रा, व्रतबन्ध, घेवा, कृष्ण अस्टमी, कुशेऔंशी, मातातीर्थ, बुद्ध जयन्ती, छेवर, पास्नी, गुन्यूचोली आदि । | ● चाडपर्वको सामान्य परिभाषा बताउने ।<br>● विद्यार्थीले मनाउने गरेका चाडपर्वहरूको नाम मस्तिष्क मन्थन विधि अपनाइ सङ्कलन गर्ने ।<br>● प्राप्त नामहरू बोर्डमा टिप्दै जाने ।<br>● आएका नामहरू मध्येबाट विद्यालय रहेको क्षेत्रभित्रका मनाइने चाडपर्वहरू कुन कुन हुन् भनी छलफल गराउने ।<br>● छलफलबाट आएका नामहरू छुट्टै लेख्ने ।<br>● ती नामहरू मध्ये कुनै तीनवटा चाडपर्वको | ● चाडपर्वको नाम उल्लेख भएको चार्ट, स्थानीय रूपमा चाडपर्व मनाउँदै गरेका चित्रहरू, चाडपर्वको नाम लेखिएका मेटाकार्डहरू र सोको सङ्क्षिप्त परिचय भएको चार्ट, भिडियो क्लिपहरू | ● तपाईको घर परिवारमा मनाउने चाडहरुको नाम भन्नुहोस् ।<br>● कुनै दुईवटा पर्वको नाम भन्नुहोस् ।<br>● चित्रहरु देखाई कुन पर्व मनाएको हो चिन्न लगाउने । | ७ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | नाम भन्न लगाउने ।<br>● कुनै एउटा पर्व मनाएको नाटकीकरण गराउने । | | | |
| | स्थानीय बाजागाजा र नाच | ● स्थानीय क्षेत्रमा बजाईने बाजा र नाचिने नाचहरुको परिचय | ● स्थानीय रूपमा प्रयोग हुने कुनै दुईवटा बाजाको नाम बताउन र कुनै नाच नाचेर देखाउन | ● स्थानीय जातीय बाहुल्यताको आधारमा स्थानीय क्षेत्रमा बजाइने बाजागाजामा डम्फू नौमती, पञ्चेबाजा, तथा सेलो गीत, सेलो नाँच, लाखे, मारुनी, भजन नाँच, विहेको बेलामा नाचिने रत्यौली, आदि । | ● स्थानीय रूपमा प्रयोग हुने बाजाहरु वा सोको चित्र देखाउँदै नाम र सामान्य परिचय बताउने ।<br>● ती बाजाहरू कुन कुन अवसर वा समयमा बजाइन्छ जानकारी गराउने ।<br>● बाजा बजाउन लगाउने ।<br>● स्थानीय बाजा बजाउने सीप भएका अभिभावक वा व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गर्न पनि सकिन्छ ।<br>● स्थानीय जात्रा चाडपर्वको अवसरमा अवलोकन गराउन लैजाने । | ● चित्रहरु<br>● सम्भव भएसम्मका बाजाहरु<br>● बाजाका रिप्लिकाहरु ।<br>● बाजा बजाएका धुनका श्रव्य दृश्यहरु<br>● चित्रहरु स्थानीय नाचका नाम उल्लेख भएका शब्दपत्तीहरु भिडियोहरू | ● कुन कुन बाजा बजाएको सुन्नुभएको छ ?<br>● चित्रमा देखाइएको बाजाको नाम भन्नुहोस् ।<br>● कुनै गीतमा नाच्न लगाउने र मुल्याङ्कन गर्ने ।<br>● सेलो गीत गाउन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ६ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | योग ध्यान | ● सामान्य योग तथा ध्यानको अभ्यास | ● सामान्य योग तथा ध्यानको अभ्यास गर्न | ● मेरुदण्ड सोझो बस्न बस्न लगाउने ।<br>● ज्ञान मुद्रा ( आँखा चिम्लेर बुढी र चोर औलाको टुप्पा जोडेर बाकी तीन औला सोझो गरेर घुँडा माथि राखी शान्त बस्न लगाउने ।<br>● हात, खुट्टा, दायाँबायाँ, तलमाथि गर्न र सामान्य मार्चपास जस्तो सिकाउने ।<br>● सामान्य योग अभ्यासका भिडीयो देखाउने र अभ्यास गराउने । | ● क्रियाकलाप अनुसारको बसाइ तथा व्यवहार परिवर्तन अवलोकन गर्ने ।<br>● हातखुट्टाको चाल मिलाएर चलाउन लगाउने ।<br>● उफ्रने, दौडने जस्ता अभ्यासहरु गर्न लगाउने ।<br>● सामान्य योग अभ्यास गराई अवलोकन गर्ने । | ● योग अभ्यास सम्बन्धी चित्र, फोटो, भिडीयो, बृत्तचित्र | ● क्रियाकलाप अनुसारको बसाइ तथा व्यवहार परिवर्तन अवलोकन गर्ने ।<br>● हातखुट्टाको चाल मिलाएर चलाउन लगाउने ।<br>● उफ्रने, दौडने जस्ता अभ्यासहरु गर्न लगाउने ।<br>● सामान्य योग अभ्यास गराई अवलोकन गर्ने । | ६ |
| **हरित विद्यालय** | हरित विद्यालय | ● बाल बगैंचाको महत्व र संरक्षण सम्बन्धी जानकारी | ● विद्यालयमा कक्षागत बाल बगैंचाको विकास र संरक्षण गर्न | ● विद्यालयमा कक्षागत बाल बगैंचाको निर्माण | ● बाल बगैंचाको नमुना देखाउँदै विद्यालयमा बाल बगैचाको आवश्यकताबारे बताउने ।<br>● बाल बगैंचाको निर्माणको योजना बनाउने ( विद्यालय प्रशासन समक्ष विद्यार्थी मार्फत् प्रस्ताव, बाल बगैंचाका लागि जग्गा प्राप्ति, | ● चित्र वा भिडियो आवश्यक औजारहरु विरुवाहरु कार्य विभाजन चार्ट | ● समुहगत रुपमा विद्यालयमा बालबगैंचा बनाउन लगाउने र त्यसको रेखदेख गर्न लगाउने ।<br>● विद्यालयमा बाल बगैंचा किन आवश्यक छ ?<br>● विद्यालयमा बाल बगैंचा किन आवश्यक छ ? | ८ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आवश्यक औजारहरुको व्यवस्था, विद्यार्थीको कार्य विभाजन, बोट विरुवाको उपलब्धता आदि)<br>● बाल बगैंचाको विकास र संरक्षणका लागि गर्नुपर्ने कार्यका विषयमा छलफल गराउने ।<br>● कार्य विभाजन चार्ट निर्माण गरी कक्षामा टाँस्ने ।<br>● प्रयोगात्मक रुपमा बगैंचा तयार गर्न लगाउने । | | ● सक्रियताका आधारमा मुल्याङ्कन गर्ने । | |

## कक्षा ५

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| **सिद्धलेक गाउँपालिकाको परिचय** | गाउँपालिकाको परिचय, भौगोलिक र राजनैतिक विभाजन | • गाउँपालिका क्षेत्रको भू-बनोटको - वनजंगल, खेतीयोग्य, भू-सतह) पहिचान | गाउँपालिका क्षेत्रको भू-बनोटको - वनजंगल, खेतीयोग्य, भू-सतह) पहिचान गरी छुट्याउन | • गाउँपालिका क्षेत्रको भू-बनोटको - वनजंगल, खेतीयोग्य, भू-सतह) परिचय | • भूबनोट र सीमाना सहित गाउँपालिकाको परिचय दिने ।<br>• विद्यालय भएको स्थान र त्यस वरपरको भौगोलिक अवस्थाको जानकारी गराउने । जस्तै: समथर क्षेत्र, भिरालो क्षेत्र, खाली ठाउँ, नदीनाला, बाटो, खेती योग्य जमीन, घरहरू भएको क्षेत्र आदि ।<br>• नक्सा वा भिडीयो, वा फोटो देखाई गाउँपालिका भित्रका ठाउँहरूको भौगोलिक अवस्था वर्णन गर्ने । | • भू-बनोट छुट्याइएको गाउँपालिकाको नक्सा<br>• गाउँपालिकाको परिचय सम्बन्धी लेख, रचना, भिडीयो, वृत्तचित्र | • आफ्नो घर वरपरको भौगोलिक अवस्थाको नक्सा सहित वर्णन गर्न लगाउने ।<br>• आफू बसेको वडाको भौगोलिक अवस्थाको छोटो परिचय दिन लगाउने ।<br>• आफ्नो विद्यालय वा वस्ती भएको वडाको नक्सा बनाउन लगाउने र भौगोलिक अवस्था कस्तो छ चिन्न लगाउने । | १४ |
| **प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण** | स्थानीय बोटविरुवा | • स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको उपयोग र महत्व | • स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरु को पहिचान गर्न र स्थानीय क्षेत्रमा भएको जडीबुटीको महत्व बोध | • स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको सूची र परिचय -निम, तितेपाती, बनमारा, अमला, आदि) र उपयोग | • स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको सूची बनाई -निम, तितेपाती, बनमारा, अमला, आदि तिनीहरुको महत्व र उपयोग | • विभिन्न औषधिजन्य बोटविरुवा हरुको महत्व र प्रयोग सम्बन्धी सूची, फोटो<br>• विभिन्न बोटविरुवाहरुको बनौट र | • आफ्नो विद्यालय र टोलमा पाईने कुनै तीनवटा औषधिजन्य वनस्पतिहरुको उपयोग लेखेर प्रस्तुत गर्न लगाउने । | ६ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | गरी | | बारेमा चित्र सहित प्रस्तुत गर्ने । जस्तै: कुन वनस्पति के मा उपयोग गर्न सकिन्छ ? उदाहरणका लागि: घाँटी दुख्दा, सामान्य ज्वरो आएमा नीमको पत्ता पकाएर खाने चलन छ ।<br>● विद्यालयको वरिपरि स्थलगत अध्ययन गराई त्यहाँ उपलब्ध विरुवाहरूको मध्ये औषधिजन्य विरुवाहरु चिनाईदिने र त्यसको उपयोग बताई संरक्षणमा अभिप्रेरित गर्ने ।<br>● स्थानीय ठाउँमा भएको कुनै एक जडीबुटी प्रसोधन केन्द्रको भ्रमण गराई त्यहाँ प्रसोधन गरिने जडीबुटीहरुबारे त्यहाँका जानकार व्यक्तिहरुसँग | उपयोग सम्बन्धी श्रव्यदृष्य सामग्री<br>● जडीबुटी प्रसोधन केन्द्र सम्बन्धी जानकारीमुलक ब्रोसर, भिडीयो | ● फोटो–हरु मार्फत औषधिजन्य विरुवाहरु चिन्न र प्रयोग भन्न लगाउने<br>● औषधिजन्य बोटविरुवाको महत्वबारे बूँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय क्षेत्रमा भएको कुनै एक जडीबुटी प्रसोधन केन्द्रको परिचय लेखी प्रस्तुत गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | छलफल गराउने । | | | |
| | स्थानीय जीवजन्तु | • स्थानीय क्षेत्रमा पाइने चराहरुको परिचय | ● स्थानीय क्षेत्रमा पाइने चराहरुको पहिचान गरी महत्व बताउन | ● स्थानीय क्षेत्रमा पाईने चराहरुको परिचय र महत्व जस्तैः कालिज, गिद्ध, काग, आदि । | ● स्थानीय वन तथा वरपर पाईने चराहरुको सूची बनाई फोटो समेत खोजी गरेर प्रस्तुत गर्ने । जस्तैः जस्तैः कालिज, गिद्ध, काग आदि । <br>● स्थानीय क्षेत्रमा पाईने चराहरुको परिचय, बासस्थान, खाने खाना तथा महत्व सम्बन्धी स्थानीय विज्ञको सहयोगमा छलफल गर्ने । <br>● विद्यार्थीहरुलाई आफ्नो घर नजिक देखिने चराहरुको नाम अविभावकलाई सोधेर सूची बनाउन लगाई तिनीहरुको संरक्षण किन गर्नुपर्छ भन्ने बारेमा छलफल गर्ने । | ● विभिन्न स्थानीय क्षेत्रमा पाईने चराहरुको फोटो र परिचय तथा महत्व सम्बन्धी चार्ट <br>● चराको महत्व सम्बन्धी श्रव्यदृष्य सामग्रीहरु | ● आफ्नो घर नजिकको वनमा पाईने चरा र जनावरको सूची बनाउन लगाउने । <br>● स्थानीय वनमा पाईने चराहरुको चित्र बनाई परिचय सहित प्रस्तुत गर्न लगाउने । <br>● फोटोहरुमार्फत विभिन्न चराहरूको पहिचान गर्न लगाउने र तिनीहरुको उपयोगिता बारे सोध्ने । <br>● बहुबैकल्पिक प्रश्नहरू गर्ने । | ६ |
| | जलस्रोत | ● स्थानीय जलस्रोत संरक्षण र | ● स्थानीय जलस्रोत संरक्षण र | ● स्थानीय जलस्रोत संरक्षण र | ● पानीका स्रोतहरूको महत्वको | ● पानीका विभिन्न स्रोतहरुको | ● आफ्नो घर नजिकैको कुनै एक जलस्रोत | ६ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | व्यवस्थापनमा स्थानीय प्रयास | व्यवस्थापन मा स्थानीय प्रयासको महत्वबोध गरी संरक्षणमा सहयोग गर्न | व्यवस्थापन मा स्थानीय क्षेत्रमा भएका वा गरिँदै आएका प्रयासहरुबारे बर्णन | बारेमा वर्णन गर्ने ।<br>● विद्यालय नजिकको कुनै एक जलस्रोत क्षेत्रको अवलोकन गराइ त्यसको संरक्षण र व्यवस्थापनका लागि गरेका प्रयासहरूको बारेमा जनाकारी गराउने । जस्तैः फोहोर फाल्न मनाही गरेको, तटबन्ध निर्माण गरेको, विरुवा लगाएको आदि ।<br>● पानीको स्रोत संरक्षणका उपायहरूबारे बृत्तचित्र वा भिडीयो देखाई कक्षामा छलफल गरी बुँदागत रुपमा सूची तयार गर्ने । | उपयोग सहितको चित्र, फोटो, पम्प्लेट, ब्रोसर आदि ।<br>● श्रव्यदृष्य सामग्रीहरु<br>● पानीको स्रोत संरक्षण तथा व्यवस्थापन सम्बन्धी फोटो, लेख, ब्रोसर वा भिडीयो<br>● स्थानीय जानकार व्यक्ति | क्षेत्रको अवलोकन गरी त्यसको संरक्षण र व्यवस्थापनका लागि गरेका प्रयासहरूको खोजी गरी बुँदागत रुपमा लेखेर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● गाउँपालिका वा नजिकको वडा कार्यालयको भ्रमण गरी गाउँपालिका र त्यस सम्बन्धी वडाहरूले जलस्रोत संरक्षणमा गरेका प्रयासहरूको सूची तयार गरी प्रस्तुति गर्न लगाउने ।<br>● नजिकैको पानीको स्रोतको संरक्षण र सरसफाईमा विद्यार्थीहरु परिचालन गरी उनीहरुको क्रियाकलाप अवलोकन गर्ने । | |
| | प्रदुषण र फोहोरमैला व्यवस्थाप न | ● स्थानीय क्षेत्रमा वातावरण प्रदुषण (जल, | ● स्थानीय क्षेत्रमा वातावरण प्रदुषण (जल, वायु, ध्वनि, | ● स्थानीय प्रदूषणका प्रकारहरू ( वायु, जल, जमीन र ध्वनि प्रदूषण) | ● प्रदूषणको परिभाषा दिने<br>● नजिकैको खोलानाला, वजार | ● विभिन्न प्रदुषण सम्बन्धी चार्ट, ब्रोसर, पम्पप्लेट आदि | ● प्रदूषणको परिचय दिन लगाउने ।<br>● आफ्नो घर वरिपरि देखिने | ६ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | वायु, ध्वनि, जमीन) | जमीन) को पहिचान गरी असर कम गर्ने उपायहरु अवलम्बन गर्न | ● वायु प्रदूषणको कारण, असर र रोकथामका उपायहरू<br>● जल प्रदूषणको कारण, असर र रोकथामका उपायहरू<br>● जमीन प्रदूषणको कारण, असर र रोकथामका उपायहरू<br>● ध्वनि प्रदूषणका कारण, असर र रोकथामका उपायहरू | कलकारखानाको अवलोकन भ्रमण गराइ त्यसक्षेत्रमा देखिएका प्रदूषण वारे टिपोट गर्न लगाउने र समूहगत छलफल गर्न लगाउने ।<br>● प्रदूषणको प्रकारहरूबारे जानकारी दिइ त्यसको कारण, असर र रोकथामका उपायहरू वारे अन्तरकिया गराउने ।<br>● कुनै प्रदूषित क्षेत्रको स्थलगत भ्रमण गराइ उक्त क्षेत्रलाई कसरी प्रदूषण मुक्त गर्न सकिन्छ छलफल गर्ने/गराउने र प्रतिवेदन तयार गर्न लगाइ प्रस्तुत गर्न लगाउने । | ● श्रव्य दृष्य सामग्रीहरु<br>● स्थानीय क्षेत्रमा हुने वा भएका प्रदुषणको सूची | प्रदूषण झल्किने किसिमको चित्र बनाइ कक्षाकोठामा प्रस्तुत गर्न लगाउने ।<br>● नजिकैको खोलानाला, ताल मठमन्दिरको भ्रमण गरी त्यहाँको प्रदूषणको अवस्थाकोबारेमा एउटा परियोजना तयार पारेर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● प्रश्नोत्तर गर्ने । दैनिक क्रियाकलापको अवलोकन गर्ने । | |
| **प्रकोप र विपद् व्यवस्थापन** | प्राकृतिक र मानव निर्मित प्रकोप | ● स्थानीय क्षेत्रमा भूक्षय, पहिरो, वाढी तथा डुबान | ● स्थानीय क्षेत्रमा भूक्षय, पहिरो, वाढी तथा डुबानको पहिचान गरी सावधानी अपनाउन | ● स्थानीय क्षेत्रमा भूक्षय, पहिरो, वाढी तथा डुबान हुनसक्ने क्षेत्रहरुको पहिचान, सूची र सावधानीका लागी अपनाउनुपर्ने उपायहरु | ● भूक्षय, पहिरो, वाढी तथा डुबान संभावित स्थानीय स्थानहरूको प्रत्यक्ष भ्रमण गराइ त्यसबारे परिचय दिने ।<br>● स्थानीय क्षेत्रमा भएका प्राकृतिक प्रकोपहरूको | ● बाढी, पहिरो, डुवान सम्बन्धी फोटो, चित्रहरु<br>● प्रकोपबाट हुन सक्ने क्षति, असर न्यूनीकरण र सावधानी सम्बन्धी श्रव्य दृष्य सामग्री | ● भूक्षय, पहिरो, वाढी तथा डुबानका बारेमा छोटो वर्णन गर्न लगाउने<br>● प्रकोपका कारण निम्तिने असरहरुको सूची बनाइ असर कम गर्नका लागि अपनाउनुपर्ने | ८ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सूची बनाइ त्यसले पारेको असरबारे छलफल तथा पत्रपत्रिका लगायतका सूचनाको स्रोतहरूबारे प्रस्तुती दिने ।<br>● बाढी, पहिरो, डुबान सम्बन्धी भिडियो प्रस्तुत गर्ने र सावधानीका उपायहरुको अभ्यास गराउने । | | उपायहरूको बारेमा प्रस्तुत गर्न लगाउने ।<br>● विद्यालय नजिकको खानी जग्गमा वृक्षारोपण गरी त्यसको रेखदेख गर्न लगाउने । | |
| **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● धादिङ जिल्लाका प्रमुख धार्मिक स्थलहरूको सूची | ● धादिङ जिल्लाका प्रमुख धार्मिक स्थलहरूको सूची तयार गर्न | ● जिल्लाका स्थानीय मठ, मन्दिर तथा प्रमुख धार्मिक स्थलहरूको बारेमा जानकारी<br>जस्तै वालदेवी मन्दिर, सिद्देश्वर मन्दिर, पन्चमुखी मन्दिर, कालीदेवी मन्दिर, बाघ बच्छला मन्दिर, बालकुमारी मन्दिर, सत्यवती मन्दिर आदि । | जिल्लाका प्रमुख तथा प्रख्यात धार्मिक स्थलहरुको फोटो सहित सूची प्रस्तुत गर्ने । जस्तैः वालदेवी मन्दिर, सिद्देश्वर मन्दिर, पन्चमुखी मन्दिर, कालीदेवी मन्दिर, बाघ बच्छला मन्दिर, बालकुमारी मन्दिर, सत्यवती मन्दिर आदि<br>● उल्लेखित धार्मिक स्थलहरूको बारेमा परिचय सहित महत्वबारे जानकारी गराउने ।<br>● सम्भव भएमा नजिकको क्षेत्रमा | वालदेवी मन्दिर, सिद्देश्वर मन्दिर, पन्चमुखी मन्दिर, कालीदेवी मन्दिर, बाघ बच्छला मन्दिर, बालकुमारी मन्दिर, सत्यवती मन्दिर आदि ठाउँको फोटोहरू, भिडियो<br>● धार्मिक सम्पदा सम्पदा संरक्षणमा स्थानीय जनसमुदायको भुमिका उल्लेख भएको चार्ट ।<br>● मेटाकार्ड | वालदेवी मन्दिर, सिद्देश्वर मन्दिर, पन्चमुखी मन्दिर, कालीदेवी मन्दिर, बाघ बच्छला मन्दिर, बालकुमारी मन्दिर, सत्यवती मन्दिर मध्य कुनै एकको छोटो परिचय दिनुहोस् ।<br>● धर्मिक स्थलहरुको सरक्षण र प्रवर्धनमा विद्यार्थीले गर्नुपर्ने भूमिकाका बारेमा वक्तृत्वकला को आयोजना गर्ने ।<br>● विद्यार्थीहरुको सहभागीताका आधारमा | ८ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अवलोकन भ्रमणमा लैजाने ।<br>● समूहगत रूपमा परियोजना कार्य गराइ कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>● धार्मिक सम्पदा किन संरक्षण गर्नुपर्छ र संरक्षणमा स्थानीय समुदायले गर्नुपर्ने भूमिका बारे छलफल गराइ निष्कर्ष दिने । | | मुल्याङ्कन गर्ने ।<br>● उल्लेखित सम्पदाको चित्र कोर्न लगाउने। | |
| | स्थानीय पर्यटकीय स्थलको परिचय | ● धादिङ जिल्लाका दुईवटा मुख्य प्राकृतिक पर्यटकीय स्थलको परिचय | ● धादिङ जिल्लाका दुईवटा मुख्य प्राकृतिक पर्यटकीय स्थलको परिचय दिन | ● धादिङ जिल्लाभित्र रहेका मुख्य प्राकृतिक सम्पदाहरू | धादिङ जिल्ला भित्रका मुख्य प्राकृतिक सम्पदाहरूको सूची तयार गर्नका लागि समूह विभाजन गर्ने । (नदीनाला, पहाड पर्वत, झरना आदि समूह विभाजन गर्ने) जस्तैः जस्तैः वालदेवी मन्दिर, सिद्देश्वर मन्दिर, पन्चमुखी मन्दिर, कालीदेवी मन्दिर, बाघ बच्छला मन्दिर, बालकुमारी मन्दिर, सत्यवती मन्दिर, साततले गुफा, बाघबच्छला मन्दिर, भुमेस्थान | ● धादिङ जिल्ला भित्रका मुख्य प्राकृतिक सम्पदाहरूको सूची, फोटो, भिडीयो, ब्रोसर आदि | ● सिद्धलेक गाउँपालिका भित्रका मुख्य प्राकृतिक सम्पदाहरू के के हुन् ?<br>● पन्चमुखी मन्दिरको छोटो परिचय दिनुहोस् ।<br>● समूह कार्यमा सक्रियताका आधारमा मूल्यांकन गर्ने ।<br>● आफ्नो गाउँपालिका भित्रका कुनै दुई वटा सम्पदाहरुको | ७ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जन्ती ढुंगा, मल्लिपुर ।<br>● प्राप्त नामहरू बोर्डमा टिप्ने । ती नामहरू मध्ये पन्चमुखी मन्दिरको बारेमा परिचय भन्न र लेख्न समूह कार्य गराउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● सम्भव भए परिचयका लागि चयन भएका प्राकृतिक सम्पदाहरूको अवलोकनका लागि भ्रमण गराउने ।<br>● परियोजना कार्यका रूपमा प्रतिवेदन लेखाउने । | | बारेमा विस्तृतमा लेखेर चित्र सहित प्रस्तुत गर्न लगाउने । | |
| **स्थानीय भाषा, जातजाति, भेषभूषा, चाडपर्व र संस्कृति** | स्थानीय जातजाति, भाषा भेषभूषा र संस्कृति | ● स्थानीय मगर, तामाङ्ग, गुरुङ जाति (भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु संस्कार) | स्थानीय मगर, तामाङ्ग, गुरुङ जाति (भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु संस्कार) को परिचय दिन र स्थानीय चाडपर्व, संस्कृतिको सम्मान गर्न | स्थानीय मगर, तामाङ्ग, गुरुङ जाति ( भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु संस्कार) को परिचय तथा स्थानीय चाडपर्व, संस्कृतिको महत्व र संरक्षण सम्बन्धी जानकारी | ● स्थानीय गुरुङ जातिको भाषा, भेषभूषा, संस्कृति सम्बन्धी भिडीयो वा चार्ट बनाई प्रस्तुत गर्ने ।<br>● स्थानीय कुनै संग्रहालयको भ्रमण गरी उक्त संग्राहलयमा राखिएका स्थानीय मगर, तामाङ्ग, गुरुङ | ● विभिन्न स्थानीय जातजातिको सूची<br>● स्थानीय गुरुङ जातिको भाषा, भेषभूषा सम्बन्धी भिडीयो, पम्पलेट, ब्रोसर आदि<br>स्थानीय विज्ञ | ● स्थानीय मगर, तामाङ्ग, गुरुङ जातिमा मानिस जन्मिदा गरिने क्रियाकलापबारे लेख्न लगाउने ।<br>● स्थानीय मगर, तामाङ्ग, गुरुङ भेषभूषाको चित्र बनाई प्रस्तुत गर्न लगाउने ।<br>● हाम्रो भाषा, भेषभूषा, संस्कृति संरक्षणका लागि हामीले | ५ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जाति लगायत विभिन्न जातजातीका मानिसहरुले लगाउने परम्परागत भेषभूषाबारे जानकारी लिने ।<br>● स्थानीय विज्ञको सहयोगमा मगर, तामाङ्ग, गुरुङ जाति जाति ( भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु संस्कार) सम्बन्धी छलफल गर्ने र त्यसको सम्बर्धनमा समुदायले गर्नुपर्ने कार्यहरुबारे पनि छलफल गर्ने । | | गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>● आफ्नो घर वा समुदायमा विवाह उत्सवमा गरिने क्रियाकलापहरुबारे अविभावकलाई सोधेर लेखी प्रस्तुत गर्न लगाउने । | |
| | स्थानीय चाडपर्व, रितीरिवाज | ● स्थानीय रूपमा मनाउने गरिदै आएका जस्तै : छेवर, पास्नी, गुन्यूचोली आदि चाडपर्वबारे जानकारी | ● स्थानीय रूपमा मनाउने गरिदै आएका चाडपर्वका बारेमा बताउन र लेख्न | ● स्थानीय रूपमा मनाउने गरिदै आएका जस्तै : छेवर, पास्नी, गुन्यूचोली आदि | ● स्थानीय रूपमा मनाउने गरिदै आएका चाडपर्वहरुको सूची सहित उक्त कार्यमा गरिने क्रियाकलापका बारेमा जानकारी गराउने । जस्तै : छेवर, पास्नी, गुन्यूचोली आदि | ● चाडपर्वको नाम उल्लेख भएको स्थानीय रूपमा चाडपर्व मनाउँदै गरेका चित्रहरू, चाडपर्वको नाम लेखिएका मेटाकार्डहरू र सोको सङ्क्षिप्त परिचय भएको चार्ट, भिडियो क्लिपहरू | ● कुनै दुईवटा पर्वको परिचय दिनुहोस् । कक्षाकार्यमा सक्रियताका आधारमा मूल्याङ्कन गर्ने ।<br>● विभिन्न चापपर्वहरु पर्वहरू मनाएको नाटकीकरण गराउने । | ५ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | • चाडपर्वको सामान्य परिभाषा बताउने<br>• उल्लेखित नामका चाडपर्वको बारेमा विद्यार्थीको जानकारीमा रहेको करा बताउन लगाउने<br>• उक्त पर्वहरू मनाएको नाटकीकरण गराउने | | • शिक्षकले थप सहजीकरण गर्ने । | |
| | स्थानीय बाजागाजा र नाच | • पञ्चेबाजा तथा रत्यौली नाच, देउसी भैलो सम्बन्धी जानकारी | • स्थानीय क्षेत्रमा बजाइने पञ्चेबाजा को परिचय दिन र बजाउने अभ्यास गर्न<br>• रत्यौलीनाच को र देउसी भैलोको सामान्य जानकारी दिन र नमूना प्रस्तुत गर्न | • स्थानीय क्षेत्रमा बजाइने पञ्चे बाजाको परिचय<br>• रत्यौली नाच, देउसी भैलोको सामान्य जानकारी | • स्थानीय बाजाहरूको चित्र देखाउँदै ती बाजाको नाम बारे विद्यार्थीको पूर्व ज्ञान परीक्षण गर्ने ।<br>• पञ्चे बाजाको सूची र फाटो प्रस्तुत गर्ने ।<br>• स्थानीय क्षेत्रमा भएको पञ्चेबाजा बजाउने समुहलाई भेट गराई उक्त बाजाहरुको बारेमा जानकारी प्रदर्शन गर्ने ।<br>• ती बाजाको सामान्य | • पञ्चे बाजाको चित्र, फाटो, भिडीयो<br>• चित्रहरू<br>• रत्यौलि नाच सम्बन्धी श्रव्यदृश्यका सामग्रीहरू | • पञ्चेबाजामा हुने बाजाहरुको सूची सहित चित्र बनाई प्रस्तुत गर्न लगाउने ।<br>• पञ्चेबाजामा कुन कन बाजा समावेश हुन्छन् ?<br>• पञ्चेबाजामा हुने बाजाहरूको चित्र बनाउनु होस् । विद्यार्थीले तयार गरेको चित्रका आधारमा मूल्याङ्कन गर्ने ।<br>• रत्यौली कहिले नाचिन्छ ?<br>• सामुहिक रुपमा रत्यौली नाच | ५ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिचय र बताउने ।<br>● सम्भव भए बाजा प्रदर्शन गर्ने र सोको आवाज सुनाउने<br>● ती बाजाहरूको चित्र कोर्न लगाउने<br>● विद्यार्थीको जानकारीमा रहेका नाचहरूको नाम बताउन मस्तिस्क मन्थन (Brainstorming) गराउने<br>● रत्यौली नाचबारे परिचय दिने । यो नाच कुन अवसरमा नाचिन्छ भन्ने बारेमा बताउने । जस्तैः विवाह उत्सवहरुमा<br>● स्थानीय विज्ञको सहयोगमा रत्यौली नाच नाच्न लगाउने ।<br>● कक्षामा नमुना देउसी भैलो कार्यक्रमको आयोजना गरी सहजीकरण | | नाच्न लगाउने र प्रस्तुतिको मुल्याङ्कन गर्ने<br>● देउसी भैलो खेलेको अभिनय गर्न लगाउने र प्रस्तुतिको मुल्याङ्कन गर्ने ।<br>● सामुहिक देउसी भैलो कार्यक्रमको सहभागीताको अवलोकन गर्ने ।<br>● बजा तथा नाचहरुको महत्वबारे लेखेर प्रस्तुत गर्न लगाउने । | |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | गर्ने र यसको महत्वबारे छलफल गर्ने । | | | |
| **स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता** | कृषि | ● कृषि उपजहरुको भण्डारण सम्बन्धी जानकारी | ● कृषि उत्पादन सञ्चयका लागि अपनाइने विधिहरू बताउन | ● भकारी, मूलाको चना आदिको उपयोग र भण्डारणबारे जानकारी<br>● ऋतु अनुसार कुनै कृषि कार्यको अनुभव हासिल गराउने | ● भकारीको फोटो देखाई तिनीहरुको उपयोगबारे जानकारी दिने<br>● कृषि उत्पादन सञ्चयको आवश्यकता र महत्व बारे बताउने<br>● स्थानीय क्षेत्रमा कृषि उत्पादन सञ्चयका लागि गरिने उपाय बारे समूहगत अन्तरक्रिया गराउने ।<br>● सम्भव भए यस्ता परम्परागत सामग्रीहरुको प्रतक्ष्य अवलोकन गराई स्थानीय कृषकसँग छलफल गराउने ।<br>● घरमा अभिभावकसँग कृषि कार्यमा सहभागी हुन प्रेरित गर्ने ।<br>● कृषि कार्यमा सहभागी हुँदा गरिएका अनुभवहरू लेख्न लगाउने । | ● भकारीको चित्रहरू<br>● आवश्यक औजारहरू<br>● चित्र, भिडियो<br>● बेमौसमी तरकारी खेतीका चित्रहरू<br>● स्थानीय कृषि विज्ञ | ● परम्परागत रुपमा भकारी के को भण्डारण गर्न उपयोग गरिन्थ्यो ?<br>● स्थानीय कृषि उत्पादन सञ्चय गर्न अपनाइने उपायहरू के के हुन् ?<br>● खाद्यान्न किन सञ्चय गर्नुपर्छ ?<br>● मूलाको चनालाई कसरी संचय गर्न सकिन्छ ? अविभावकलाई सोधेर लेख्नुहोस् ।<br>● समूह कार्य र परियोजना कार्यमा सक्रियताका आधारमा मूल्याङ्कन गर्ने ।<br>● तपाईको आफ्नो घर वा टोल छिमेकमा गरिने कृषि कार्यमा गरिने कृयाकलापहरु लेखेर प्रस्तुत गर्नुहोस् । | ७ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● विद्यार्थीले लेखेका गर्न कुराहरू कक्षामा प्रस्तुत गर्न लगाउने - विद्यालयमा करेसा बारी भए विद्यार्थीलाई काम गर्न लगाउने र समूहगत प्रतिवेदन लेखाउने । | | | |
| | परम्परागत व्यापार व्यवसाय | ● स्थानीय क्षेत्रमा व्यापार, व्यवसायको सम्भावना | ● स्थानीय उद्योग, व्यापार, कृषि आदि व्यवसायको सम्भाव्यता बारे जानकारी दिन । | ● जीवनयापनका लागि गरिने आयमूलक कार्यहरुको बारेमा जानकारी ( कृषि - खेतीपाती, जडिबुटी, पशुपालन, कुखुरापालन, माछापालन, उद्योग (टपरी बुन्ने, झोला बनाउने, स्थानीय कच्चा पदार्थ उपभोग्य वस्तु बनाउने) राइस मिल, मैदा मिल, कसर उद्योग आदि) व्यापार (दैनिक उपभोग्य, स्थानीय उत्पादन आदि) | ● जीवनयापनका लागि गरिने आयमूलक कार्य पेशा व्यवसाय हो, भन्ने कुरा बताउने ।<br>● स्थानीय क्षेत्रमा मानिसहरुले अपनाईरहेका पेशा व्यवसायको सूची प्रस्तुत गर्ने । जस्तैः ( कृषि - खेतीपाती, जडिबुटी, पशुपालन, कुखुरापालन, माछापालन आदि) उद्योग टपरी बुन्ने, झोला बनाउने, स्थानीय कच्चा पदार्थको उपभोग्य वस्तु बनाउने ( राइस मिल, मैदा मिल, | ● स्थानीय पेशाा व्यवसायसँग सम्बन्धीत चार्टहरू चित्र वा भिडियो, लेख रचना आदि | ● स्थानीय क्षेत्रमा मानिसहरुले गर्ने पेशा व्यवसायको सूची र सम्भावना लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● मानिसले पेशा व्यवसाय किन गर्नु पर्दछ ?<br>● पेशा व्यवसायको महत्व र फाईदाबारे लेख्नुहोस् ।<br>● बहु बैकल्पिक प्रश्नहरु गर्ने । | ७ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कसर उद्योग आदि) व्यापार<br>● पेशा व्यवसायको आवश्यकता विषयमा छलफल गराउने ।<br>● छलफलको निचोडलाई बोर्डमा टिप्ने र सारांश सुनाउने ।<br>● भविष्यमा अपनाउने पेशा बारे बताउन लगाउने ।<br>● स्थानीय उत्पादन<br>● सम्बन्धी सम्भावना बारे छलफल गराउने - स्थानीय उत्पादन खपत बारे जानकारी गराउने<br>● पेशा व्यवसाय झल्किने चित्र - वा भिडियो देखाउने । | | | |
| | स्थानीय प्रविधिमा आधारित उद्योग-व्यवसाय | ● स्थानीय ब्यापार, पेसा र व्यवसायको बजार व्यवस्थापन | ● स्थानीय ब्यापार, पेसा र व्यवसायको बजार व्यवस्थापनको महत्व बताउन र परम्परागत पेशा, व्यवसायको सम्मान गर्न | ● परम्परागत स्थानीय व्यवसायको महत्व र परम्परागत व्यवसायको संरक्षणर प्रवर्धनमा बजारको महत्व त्यसका लागि | ● स्थानीय हाट बजारको अवलोकन भ्रमण गराई त्यहाँ के कस्ता स्थानीय उत्पादनहरु बेच्न राखिएको छ भन्ने बारेमा सूची बनाउन | ● स्थानीय व्यापार व्यवसायहरुको महत्व सम्बन्धी सूची, फोटो, ब्रोसर, पम्प्लेट<br>● स्थानीय बुढापाका, पुरानो व्यापारी | ● आफनो टोल वा नजिकमा लाग्ने हाट बजारको अवलोकन गरी त्यहाँ पाईने स्थानीय परम्परागत उत्पादनहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने । | ६ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | समुदायको भूमिका | लगाउने र कुनै एक व्यपापारीसँग उक्त सामग्रीको माग र बजार अवस्था कस्तो रहेको छ भन्ने बारेमा छलफल गर्ने ।<br>● स्थानीय व्यवसायहरुको सूची बनाई त्यसको महत्व सहित प्रस्तुत गर्ने । जस्तैः टपरी बुन्ने, झोला बनाउने, कार्यबाट स्थानीय समुदायमा हुने आर्थिक गतिबिधि, स्थानीय क्षेत्रको परिचय आदि ।<br>● परम्परागत व्यापार व्यवसायको महत्व, संरक्षणको आवश्यकता र संरक्षणका स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुबारे छलफल गर्ने । | | ● आफ्नो टोलमा भएको कुनै एक पुरानो पसलको बारेमा अविभावकलाई सोधेर परिचय लेख्न लगाउने ।<br>● परम्परागत व्यापार व्यवसायको संरक्षणमा समुदायले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने । | |
| **सामाजिक मूल्य मान्यता र असल संस्कार** | असल व्यक्ति र योगदान | ● स्थानीय सेवामुलक संघसंस्थाहरुको छोटो परिचय | ● स्थानीय सेवामुलक संघसंस्थाहरु को पहिचान गरी तिनीहरुको | ● स्थानीय सेवामुलक संघसंस्थाहरुक ो परिचय ( स्थानीय युवा क्लव, महिला | ● स्थानीय क्षेत्रमा विभिन्न सेवामुलक संघसंस्थाहरुको सूची बनाई चित्र सहित प्रस्तुत गर्ने । जस्तैः स्थानीय | ● गाउँपालिका भित्र भएका सेवामुलक संस्थाहरुको सूची, चित्र, फोटो, चार्ट, ब्रोसर, पम्प्लेट | ● मानिसहरुको योगदान रहेको छ भन्नेबारेमा अविभावकलाई सोधेर लेख्न | ६ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | छोटो परिचय दिन (स्थानीय युवा क्लव, महिला समूह, आमा समूह, रेडक्रस, बाल क्लव, स्वास्थ्य चौकी, सहकारी, वित्तीय संस्था | समूह, आमा समूह, रेडक्रस, बाल क्लव, स्वास्थ्य चौकी, सहकारी, वित्तीय संस्थाहरु) | युवा क्लव, महिला समूह, आमा समूह, रेडक्रस, बाल क्लव, स्वास्थ्य चौकी, सहकारी, वित्तीय संस्थाहरु आदि ।<br>● गाउँपालिका क्षेत्र भित्रका मानिसहरुले संचालन गर्दै आएका रेडक्रस, बाल क्लव, स्वास्थ्य चौकी, सहकारी, वित्तीय संस्थाहरु सम्बन्धी खोजी गरी परिचय र त्यसले गर्ने कार्यहरुबारे बताईदिने । जस्तैः स्वास्थ्य चौकीबाट हामीले स्वास्थ्य सेवा पाउँछौं । सहकारी तथा वित्तीय संस्थाहरुमा पैसा सम्बन्धीको कारोबार गर्न पाईन्छ । जसमा नगद जम्मा गर्ने लगायतका कार्यहरु पनि पर्दछन् ।<br>● आफ्नो विद्यालयमा भएको बालक्लवले गर्ने कार्यहरुको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः विभिन्न दिवशहरु मनाउने, विद्यालय सरसफाई, बगैचा निमार्ण | ● स्थानीय युवा क्लव, महिला समूह, आमा समूह, रेडक्रस, बाल क्लव, स्वास्थ्य चौकी, सहकारी, वित्तीय संस्थाहरुले दिने सेवा वा गर्ने कार्यहरुको सूची, पर्चा, पोष्टर आदि | लगाई प्रस्तुत गर्न लगाउने ।<br>● परियोजना कार्य गराउने ।<br>● आफ्नो विद्यालयमा बाल क्लवले गर्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>● विद्यार्थीहरुलाई बाल क्लवमा समाहित गराई उनीहरुले गर्ने कार्यहरुको अवलोकन गर्ने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने ।<br>● आफ्नो घर नजिक भएको कुनै एक सहकारीको नाम लेखी अभिभावकलाई सोधेर त्यसले गर्ने कार्यहरुका बारेमा लेख्न लगाउने । | |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आदि कार्य गर्ने ।<br>● विद्यालय नजिकको कुनै एक सामाजिक संस्थामा लगेर त्यहाँ हुने कामहरु प्रत्यक्ष देखाउने ।<br>● स्थानीय संस्था वा रेडक्रस संस्थाका प्रतिनिधीसँग भेट गराई अन्तरक्रिया गराउने र निष्कर्ष दिने ।<br>● गाउँपालिकाको पहिलो जननिर्वाचित प्रतिनिधि गाउँपालिका अध्यक्ष, उपाध्यक्षको परिचय दिने । समग्र गाउँपालिकाको विकासका लागि उनीहरुले गरेका योगदान र राम्रा कार्यहरुबारे छलफल गर्ने ।<br>● स्थानीय सामजसेवी र ऐतिहासिक व्यक्तिहरुको जिवनीबाट हामीले अनुसरण गर्नुपर्ने राम्रा कार्यहरुबारे समुहगत छलफल गरी निष्कर्ष दिने । | | | |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | नैतिक मूल्य मान्यता र संस्कार | • असल परिवारमा अभिभावकको भूमिका | • समूदाय तथा समाजमा सभ्य परिवारको परिचय दिई, असल परिवारमा अविभावकले खेल्नुपर्ने भूमिकाको बणर्न गर्न र अनुसरण गर्न अविभावकलाई प्रेरित गर्न | • परिवारको अवधारणा, परिचय र परिवारका सदस्यहरु बीचको मेलमिलाप , अनुशासन तथा एक अर्कामा सम्मान र अविभावकको भूमिका सम्बन्धी वर्णन | • असल परिवार, अनुशासन र परिवारमा अविभावकले निभाउनुपर्ने सकरात्मक भूमिका सम्बन्धी भिडीयो वा बृतचित्र प्रस्तुत गर्ने ।<br>• विद्याथीहरुलाई आफ्नो घरमा को को सदस्यहरु छन् र उनीहरुसँग आफूले कसरी व्यवहार गर्ने गरेको छ भन्ने बारेमा पालैपालो भन्न लगाउने ।<br>• असल अविभावक भएर छोराछोरी, परिवारका अन्य सदस्यहरु र समाजमा गर्नुपर्ने कार्यहरुको सूची बनाई प्रस्तुत गर्ने ।<br>• असल अभिभावकबाट असल परिवार र असल परिवारबाट असल समाज | • असल परिवार, समाज तथा समुदायमा असल मानिसको भूमिका सम्बन्धी लेख रचना, पम्पप्लेट, ब्रोसर<br>• श्रव्यदृष्य सामग्रीहरु<br>• स्थानीय समाजसेवी | • असल वा सभ्य परिवारको परिचय दिन लगाउने ।<br>• असल परिवारका लागि असल अविभावक बन्न के कस्ता कुराहरुमा ध्यान दिनुपर्छ सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>• हामी किन अनुसासनमा बस्नुपर्छ र त्यसबाट के फाईदा हुन्छ लेख्न लगाउने ।<br>• दैनिक क्रियाकलापको अवलोकन गर्ने ।<br>• असल विद्यार्थी र असल अविभावकमा हुनुपर्ने गुणहरुबारे सूची बनाई प्रस्तुत गर्न लगाउने । | ६ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | बन्छ भन्ने कुरा देखाउन कुनै नाटक वा भिडियो खोजीगरी प्रर्दशन गर्ने ।<br>● विद्यार्थीहरुले घर तथा विद्यालयमा पालन गर्नुपर्ने अनुशासनबारे सूची बनाई प्रस्तुत गर्ने । | | | |
| **स्थानीय खेलकुद, योग र सन्तुलित भोजन** | स्थानीय खाना, खेलकुद | ● स्थानीय खानाका परिकार जस्तै : ढिडो र गुन्द्रुक, खिर, जाउलो बनाउने विधि आदी । | ● स्थानीय स्तरमा दैनिक खाइने खानेकुराहरु बनाउने तरीका सम्बन्धी क्रियाकलापहरु संचालन गर्न जस्तै : ढिडो र गुन्द्रुक, खिर, जाउलो बनाउने विधि आदी । | ● स्थानीय खानाका परिकार जस्तै : ढिडो र गुन्द्रुक, खिर, जाउलो बनाउने विधि | ● स्थानीय ठाउँका मानिसहरुले खाने खानाहरुको सूची र फाटो प्रस्तुत गर्ने<br>● स्थानीय उत्पादनका खाना किन खनुपर्छ ? त्यसबाट के फाईदा पुग्छ भन्ने विषयमा छलफल गर्ने । जस्तैः ताजा खान पाइन्छ, पोषिलो हुन्छ । बाहिर किन्नु नपर्ने भएकाले आर्थिक फाईदा हुन्छ ।<br>● परिवारबाट विद्यार्थीलाई खाना पकाउन अभ्यासमा सहयोग गर्न अनुरोध पत्र पठाउने ।<br>● घरमा परिवारका सदस्यले ढिडो | ● स्थानीय खाना पकाउने विधि सहितको श्रव्यदृष्य सामग्री<br>● जस्तैः ढिडो र गुन्द्रुक, खिर, जाउलो बनाउने विधि | ● ढिडो र गुन्द्रुक, खिर, जाउलो बनाउने विधि बारे वणर्न गर्नुहोस् ।<br>● स्थानीय उत्पादनको खानाबाट हुने फाईदाहरुको सूची बनाउनुहोस् ।<br>● समुहगत रुपमा विभिन्न खानाहरु बनाउन लगाई अवलोकन गर्ने । | ६ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | गुन्द्रुक पकाएको अवलोकन गर्ने र सोको अभ्यासमा संलग्न भइ अभ्यास गरेको प्रतिवेदन लेख्ने । | | | |
| | योग ध्यान | • स्थानीय स्तरमा खेलिने खेलकुद तथा योग व्यायामको महत्व | • स्थानीय स्तरमा खेलिने खेलकुद तथा योग व्यायामको महत्वबोध गरी खेल तथा योगहरुको अभ्यास गर्न | • स्थानीय स्तरमा शारिरीक अभ्यासका लागि खेलिने खेलहरु खेल्ने तरिकाको वर्णन तथा खेल अभ्यास र यसको- महत्व सम्बन्धी वर्णन | • स्थानीय क्षेत्रमा खेलिने खेलहरूको महत्वको सूची तयार पारी कक्षामा प्रस्तुत गर्ने । जस्तैः परम्परागत अभ्यास कायम, शारीरिक तन्दुरुस्ती आदि ।<br>• सूक्ष्म व्यायामको भिडियो देखाउने, शिक्षकले गरेर देखाउने र विद्यार्थीहरूलाई अभ्यास गराउने ।<br>• योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने ( शारीरिक तथा मानसिक फाइदा) स्थानीय विज्ञको सहयोगमा विभिन्न योग व्यायामहरु गराउने । | • स्थानीय क्षेत्रमा प्रचलित विभिन्न खेलहरुको सूची, ब्रोसर, फोटो<br>• खेल खेल्ने विभिन्न योगका तरिकाबारे जानकारी चार्ट वा श्रव्यदृष्य सामग्री | • स्थानीय क्षेत्रमा खेलिने खेलहरूको महत्वको सूची बनाउन लगाउने ।<br>• योग ध्यानका फाइदा बताउन लगाउने ।<br>• कुनै दुईवटा स्थानीय खेलहरुको प्रतिस्पर्धा गराउने ।<br>• सामान्य योगका आसनहरु गर्न लगाउने र विद्यार्थीहरुको प्रदशर्नीका आधारमा मुल्याङ्कन गर्ने । | ६ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| **हरित विद्यालय** | हरित विद्यालय | ● कक्षागत बाल बगैंचा सम्बन्धी जानकारी | ● विद्यालयमा कक्षागत बाल बगैचाको विकास र संरक्षण गरी समूहगत प्रतिस्पर्धा गर्न | ● विद्यालयमा कक्षागत बाल बगैचाको निर्माण | ● बाल बगैंचा सम्बन्धी भिडियो प्रस्तुत गर्ने । बाल बगैंचा भनेको के हो बताईदिने ।<br>● स्थानीय ठाउँमा हुने विभिन्न विरुवाहरु लगाउने तरिकाबारे छलफल गर्ने ।<br>● बाल बगैचाको नमुना देखाउदै विद्यालयमा बाल बगैचाको आवश्यकता बारे बताउने ।<br>● कक्षागत वाल वगैंचा निर्माणको योजना बनाउने (विद्यालय प्रशासन समक्ष विद्यार्थी मार्फत् प्रस्ताव, बाल बगैचाका लागि जग्गा प्राप्ति, आवश्यक औजारहरूको व्यवस्था, विद्यार्थीको कार्य विभाजन, बोटविरुवाको उपलब्धता आदि)<br>● बाल बगैचाको विकास र संरक्षणका | ● विभिन्न विरुवाहरुको बोट, बिऊ<br>● चित्र वा भिडियो आवश्यक औजारहरू विरुवाहरू कार्य विभाजन चार्ट | ● विद्यालयमा बाल बगैंचाको अवधारणा सम्बन्धी लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● विद्यालयमा बाल बगैंचा किन आवश्यक छ ?<br>● बगैंचामा समुहगत कार्य गर्न लगाउने ।<br>● विद्यार्थीहरुको सक्रियताका आधारमा मूल्याङ्कन गर्ने । | ८ |

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाई उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मुल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | लागि गर्नुपर्ने कार्यका विषयमा छलफल गराउने । | | | |

## ८. पाठ्यघण्टा र अङ्क विभाजन तालिका

### कक्षा १–३

| क्र.स. | क्षेत्र/एकाइ | कक्षा १-३ | |
|---|---|---|---|
| | | पा.घ. | अ.भा. |
| १. | सिद्धलेक गाउँपालिकाको परिचय | २० | १२ |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | २५ | २० |
| ३. | प्रकोप / विपद व्यवस्थापन | १० | ६ |
| ४. | धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल | २० | १३ |
| ५. | स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति | २० | १३ |
| ६. | स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता | २५ | १६ |
| ७. | सामाजिक मूल्य मान्यता र असल संस्कार | १५ | ७ |
| ८. | स्थानीय खेलकुद, योग र सन्तुलित भोजन | १५ | ७ |
| ९. | हरित विद्यालय निर्माण | १० | ६ |
| | **जम्मा** | **१६०** | **१००** |

### कक्षा ४-५

| क्र.स. | क्षेत्र/एकाइ | कक्षा ४-५ | |
|---|---|---|---|
| | | पा.घ. | अ.भा. |
| १. | सिद्धलेक गाउँपालिकाको परिचय | १४ | १२ |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | २४ | २० |
| ३. | प्रकोप/विपद व्यवस्थापन | ८ | ६ |
| ४. | धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल | १५ | १३ |
| ५. | स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति | १५ | १३ |
| ६. | स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता | २० | १६ |
| ७. | सामाजिक मूल्य मान्यता र असल संस्कार | १२ | ७ |
| ८. | स्थानीय खेलकुद, योग र सन्तुलित भोजन | १२ | ७ |
| ९. | हरित विद्यालय निर्माण | ८ | ६ |
| | **जम्मा** | **१२८** | **१००** |

- पा.घ. = पाठ्यघण्टा, अ.भा. = अङ्कभार

## ९. सिकाइ सहजीकरण प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयनका क्रममा विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित विधिलाई प्राथमिकता दिएर सिकाइअगाडि बढाइनेछ । यस पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरूबिच प्रभावकारी शिक्षण गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, वेवमा आधारित सामग्री र स्थानीय विज्ञसँगको अन्तरक्रिया लगायतका शैक्षणिक सामग्रीहरुको अधिकतम प्रयोग गरिनेछ । सिकाइ सहजीकरण गर्न विभिन्न प्रचलित विधिहरू अपनाउन सकिने छ ।

कुनै पनि सिकाइ दिगो हुनका लागि सिकारुहरुले / विद्यार्थीहरुले प्रत्यक्ष अनुभव गरेका कुराहरुले महत्वपूर्ण प्रभाव पारेको हुन्छ । त्यसका लागि सहजकर्ताले जहिले पनि विद्यार्थीहरुको रुची, उनीहरुको अवस्थालाई बुझेर विद्यार्थी केन्द्रित सहजीकरण गर्नुपर्दछ । जसबाट विद्यार्थीहरुको संज्ञानात्मक (Congnitive), भावनात्मक (Affective) तथा मनोकियात्मक (Psychomotor) सिकाइमा प्रत्यक्ष फाइदा पुग्छ । विद्यार्थी केन्द्रित सहजीकरण गर्दा सहजकर्ताले मुख्य गरी निम्न तीनवटा तहलाई ध्यानमा राखी कक्षा सञ्चालन गर्नुपर्दछ ।

क) पूर्व तयारी : विद्यार्थीहरुमा उत्प्रेरणा जगाउने

ख) उपयुक्त सहजीकरण बिधि : विद्यार्थी केन्द्रित अन्तरक्रियात्मक शिक्षण विधिहरुको प्रयोग गर्ने

ग) अभिलेखीकरण तथा सिकाइ उपलव्धि/सक्षमता मापन : विषय वस्तुको अभिलेखीकरण र त्यसको प्रस्तुति गर्ने

**पूर्व तयारी :** स्थानीय विषयको सहजीकरण गर्दा सहजकर्ता/शिक्षकले कक्षाकोठामा पस्नु अगाडि र कक्षामा पसिसकेपछि विषयवस्तुको सहजीकरण गर्नुभन्दा अगाडि विभिन्न चरणका तयारीहरु गर्नुपर्दछ, जस्लाई पूर्व तयारी भनिन्छ । कक्षामा जानु अगाडि विषयस्तुसँग सम्बन्धित कुराहरुको खोजी गरी त्यसको पाठ योजनासहितको तयारी प्रथम चरणको तयारी हो, जसमा सिकाइ उपलब्धि, सक्षमता समावेश गरी सहजीकरणका विधिहरु समेतको तयारी गर्नुपर्दछ। यदि कोही अन्य सहजकर्ता, विषयवस्तु विज्ञलाई बोलाउने हो भने उक्त व्यक्तिलाई पनि विषयवस्तुबारे अग्रीम जानकारी गराउनु पर्दछ। यदि अवलोकन भ्रमण वा बाहिरी वातावरणमा लगेर सिकाउन लागिएको छ भने त्यस ठाउँको बारेमा अग्रिम जानकारी लिई त्यस अनुरुपको तयारी गनुपर्दछ।

सहजकर्ता कक्षाकोठामा विषयवस्तुको तयारीसहित प्रवेश गरिसकेपछि कक्षामा विद्यार्थीहरुको बसाइको अवस्थामा ध्यान दिनुपर्दछ । विषयवस्तुको माग र सहजीकरण बिधिलाई सहयोग पुग्नेगरी यु (U) आकार, राउन्ड टेवल (Round Table) आकार, स्क्यायर (Square) आकार, लहरमा (Line) राख्ने जस्ता विभिन्न तरिकामा कक्षाकोठाको बसाइको व्यवस्था मिलाउनुपर्दछ । विद्यार्थीहरुको इच्छा बुझ्ने, विभिन्न खेलहरु मार्फत उत्प्रेरणा जगाउने कार्य गर्नुपर्दछ । विद्यार्थीहरुमा उत्प्रेरणा दुई तरिकाबाट जगाउन सकिन्छ । जसमा बाहिरी कुराहरुको सहयोगमा उत्प्रेरणा जगाउने (Extrinsic Motivation) जस्तैः विषयवस्तुसँग सम्बन्धित प्रश्नहरु गरी पुरस्कारको व्यवस्था गरेर तथा आफैंभित्रबाट उत्प्रेरणा जगाउने (Intrinsic motivation), जस्तैः विद्यार्थीहरुलाई केही रमाइला अनुभवहरु सुनाइ उनीहरुमा पनि विषयवस्तु सम्बन्धी जान्ने इच्छाशक्ति बढाउन अभिप्रेरित गर्ने । विद्यार्थीहरुमा उत्प्रेरणासँगै अघिल्लो दिनको विषयवस्तु वा क्रियाकलापको अनुभव, समीक्षा विद्यार्थीहरुबाटै गर्ने / गराउने र आजको विषयवस्तुलाई जोडेर विषयवस्तुमा प्रवेश गर्ने गर्नुपर्दछ ।

**उपयुक्त सहजीकरण विधि :** शिक्षक वा सहजकर्ताले तयारीका चरणहरु पूरा गरी विषयवस्तुमा प्रवेश गरेपछि उद्देश्य अनुसार सक्षमता हासिल हुने गरी विद्यार्थी केन्द्रित विधिहरु उपयोग गरी सहजीकरण गर्नुपर्दछ । हाल प्रचलनमा रहेका प्रश्नोत्तर विधि, प्रदर्शन विधि, समस्या समाधान विधि, अवलोकन, छलफल, अभिनय, कथावाचन, क्षेत्र भ्रमण, परियोजना, द्रुत लेखन, जिग्सअ, मष्तिस्क मन्थन आदि विधिहरु अपनाउन सकिन्छ । पाठ्यक्रमको उद्देश्य अनुसार एकैपटकमा पनि एक भन्दा धेरै बिधिहरुको प्रयोग गर्न सकिन्छ तर सबै बिधिहरुमा विद्यार्थी केन्द्रित, सक्रिय सहभागिता, समाजिक सहभागिता, उपयुक्त क्रियाकलाप र रणनीतिको प्रयोग हुनुपर्दछ । केहि विधिहरुको छोटो जानकारी तल प्रस्तुत गरिएको छ:

सिकाइ सहजीकरण गर्न देहायका विधिहरू अपनाउन सकिने छ :

**१) प्रश्नोत्तर विधि :** विषयवस्तुको परिधिमा रहेर शिक्षक विद्यार्थी तथा विद्यार्थी विद्यार्थीबिच प्रश्नोत्तर विधिको उपयोग गरेर सिकाउने/सिकाइन्छ ।

**२) प्रदर्शन विधि :** विषयवस्तुको केन्द्रमा रहेर विद्यार्थीलाई ज्ञान, सिप र धारणा बसाउन सहयोग गर्ने वा पुग्ने गरी प्रदर्शन विधिको प्रयोगबाट सिकाइ गतिविधि अगाडि बढाउने/बढाइन्छ ।

**३) समस्या समाधान विधि :** विषयवस्तुको केन्द्रमा रहेर समस्या दिने र उक्त समस्याको समाधान गर्न सिकाउने गतिविधि यसमा अवलम्बन गरिन्छ ।

**४) अवलोकन विधि :** विषयवस्तुको प्रकृतिका आधारमा अवलोकन गर्न सकिने र मिल्ने भए अवलोकनका माध्यमबाट सिकाउने गरिन्छ ।

**५) छलफल विधि :** समूहमा वा व्यक्तिका बिच परस्पर छलफल गर्न लगाइ सिकाइ क्रियाकलाप सम्पन्न गर्न प्रेरित गर्ने विधि नै छलफल विधि भएकोले वास्तविक तथ्य सङ्कलन गर्न छलफल विधिको उपयोग गरेर सिकाइन्छ ।

**६) अभिनय विधि :** चरित्र चित्रण तथा व्यक्तित्वसँग सम्बन्धित सामग्री भए अभिनय विधिबाट सिकाउन सकिन्छ ।

**७) खोज विधि :** सिकाइ क्रियाकलापलाई प्रभावकारी र दिगो बनाउन उपयोग हुने अर्को प्रमुख विधिको रूपमा खोज विधिलाई लिइन्छ । खोज विधिमा सामग्रीको खोजलाई उच्च प्राथमिकता दिइन्छ ।

**८) परियोजना कार्य विधि :** परियोजना कार्य विधिको प्रयोगले कुनै पनि कार्य समूहमा वा एकल कुनै तरिकाबाट कसरी सहजै सम्पन्न गर्न सकिन्छ भन्ने कुरालाई उच्च प्राथमिकता दिएर गरिन्छ र विद्यार्थीहरूलाई गर्न लगाइन्छ । काम, समय र व्यक्तिको सङ्ख्यालाई परियोजनामा विशेष महत्त्व दिइन्छ । विषयवस्तुको प्रकृति विद्यार्थीको उमेर समूह, सिकाइ स्तर, स्थानीय परिवेशजस्ता पक्षमा यस विधिमा विशेष ख्याल गरिन्छ ।

**९) वाचन / कथाकथन विधि :** कुनै पनि विषयवस्तुलाई कथात्मक शैलीमा प्रस्तुत गर्न सिकाउने कला वा विधि नै कथाकथन विधि हो । यसलाई वाचन विधि पनि भनिन्छ । घटनाहरूको तारतम्यता वा कलात्मक प्रस्तुति गराउन वा गर्न लगाउन यो विधि अनिवार्य मानिन्छ ।

**१०) घटना अध्ययन विधि :** घटना अध्ययनमा समाजका सामाजिक विषयसँग सम्बद्ध घटनाहरू पर्दछन् । यसमा विविध विषयवस्तुहरू पर्न सक्छन् । होची अर्घेली वा घटना दुर्घटनाका विषय पनि हुन सक्छन् । जुनसुकै प्रकृतिका विषय भए पनि तिनको अध्ययन गरी चित्त बुझ्दो निष्कर्षमा पुग्ने गरी घटनाहरूको अध्ययन र निचोड गर्न प्रेरित गर्ने र सोही आधारमा घटनाको व्यवस्थापन गर्न सिकाउनु नै घटना अध्ययन विधि हो ।

**११) क्षेत्र भ्रमण :** क्षेत्र भ्रमण (Field Trip) अन्तर्गत विद्यार्थीहरूले आफ्नो पाठ्यवस्तुसँग सम्बन्धित रहेर कुनै निश्चित क्षेत्रको भ्रमण गरी  रूपमा विषयको अनुसन्धनात्मक अध्ययन गर्दछन् । क्षेत्र भ्रमणले शिक्षक तथा विद्यार्थी दुवैलाई नियमित रूपमा कक्षाकोठामा हुने पठनपाठनबाट बाहिर जाने मौका प्रदान गर्ने हुँदा छुट्टै अनुभव र आनन्द दिन्छ । यसका निम्नानुसारका ३ मुख्य चरणहरू हुन्छन्:

**पहिलो चरण :** यस चरणमा भ्रमणको तयारी हुन्छ जसअन्तर्गत शिक्षकले विद्यार्थीहरूलाई विषयवस्तु तथा गन्तव्यको परिचय गराइ आवश्यक तयारी गर्छन्/गर्न लगाउँछन् ।

**दोस्रो चरण :** यस चरणमा शिक्षकको नेतृत्वमा विद्यार्थीहरू निर्दिष्ट गन्तव्य (क्षेत्र) मा पुग्दछन् र अवलोकन तथा अन्तक्रिया गर्दछन् ।

**तेस्रो चरण :** भ्रमण सकिएपछि आउने यस चरणमा सहभागीले भ्रमणबाट प्राप्त तथ्यतथ्याङ्कका विषयमा छलफल गरी निश्कर्ष निकाल्छन् । यसका अतिरिक्त शिक्षकले विद्यार्थीहरूलाई विभिन्न प्रश्न सोधी उत्तर खोज्ने र छलफल गर्ने पनि गर्दछन् । अध्ययन विश्लेषणका क्रममा माथि उल्लेख गरिएका विधिहरूभन्दा बाहेक अन्य विधिहरूको पनि चर्चा गरिएको पाइन्छ । यस्ता विधिहरूले पनि सिकाइको गतिमा विस्तार र विकास गर्न योगदान गर्दछन् ।

केही फरक चिन्तनपरक विधिहरू पनि वर्तमान अवस्थामा व्यवहार र प्रयोगमा आएका छन् । केही त्यस्ता विधिहरू निम्न छन् :

**समालोचनात्मक चिन्तनपरक विधिहरू :** गुण-दोषका आधारमा तथ्यहरू केलाउँदै सिकाउन प्रेरित गर्ने विधिलाई नवीनतम् विधिका रूपमा समालोचनात्मक विधि भनिन्छ । यो विधि सिकाइमा पछिल्लो समय प्रयोगमा आएको नौलो विधि हो । यसभित्र पनि विभिन्न विधिहरू पर्दछन् ।

**क) मस्तिष्क मन्थन (Brain Storming) :** विद्यार्थीलाई सबै किसिमले सबै कुरा सोच्न प्रेरित गर्ने विधि मस्तिष्क मन्थन विधि हो । यो कुनै पनि आग्रह पूर्वाग्रह नराखी कार्यसम्पादन गर्ने विधि हो । यसका चरणहरू निम्न छन् : प्रथम चरण : सम्पूर्ण कक्षालाई मस्तिष्क मन्थनका विषयमा जानकारी गराउने । दोस्रो चरण : समस्या वा पाठ बुझिने गरी बताउने । तेस्रो चरण : निश्चित समय तोकेर विद्यार्थीलाई समस्या समाधान गर्न लगाउने । चौथो चरण : समस्या समाधानका उपाय बताउन विद्यार्थीलाई प्रेरित गर्ने, विचारलाई सम्मान गर्न भन्ने, थप कुरा राख्न भन्ने । पाँचौ चरण : उनीहरूले भनेका कुरा     टिप्ने । छैटौं चरण : अन्तमा विद्यार्थीलाई एक्लाएक्लै वा समूहमा विचार मन्थन गर्न लगाउने ।

**ख) सङ्गठित सिंहावलोकन (Structure Overview) :** छोटो समयमा सिकारुमा उत्सुकता जगाउन गरिने वा दिइने व्याख्यान नै सङ्गठित सिंहावलोकन हो । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** पाठका विषयमा चाख लाग्दा र सिकारुपरक विषयवस्तु बुझेर उनीहरूलाई भन्न लगाउने । पाठको अवधारणा र खास शब्दका विषयमा विवरण तयार गर्ने ।

**दोस्रो चरण :** सिकारुको ध्यान तान्ने खालका नक्सा, चित्र, तालिका आदि कक्षामा लिएर जाने ।

**तेस्रो चरण :** छोटो समय (पाँच मिनेट) मा प्रस्तुत गर्न सकिने मुख्य बुँदा भएको प्रस्तुति तयार गर्ने ।

**चौथो चरण** विद्यार्थीलाई व्यस्त र अन्तरक्रियात्मक बनाउनुका साथै प्रश्नोत्तर गर्ने र टिप्पणी गर्दै हौसला दिने । **पाँचौ चरण :** केही सान्दर्भिक विषय पछि बताउँला भन्दै प्रस्तुति अन्त्य गर्ने जसले उनीहरूमा उत्सुकता जगाउन सकोस् ।

**ग) जिग्सअ (Jigsaw)** जिग्सअ विधिलाई सहयोगात्मक विधि पनि भनिन्छ । एक आपसमा सहयोग गरेर सिकिने र सिक्न सकिने कुरालाई आधुनिक नवीन चिन्तनका रूपमा स्वीकार गरिएको छ । यसमा विज्ञ समूह र मातृसमूह रहन्छ । विज्ञ समूह मातृ समूह र मातृ समूह विज्ञ समूह भएर आफ्ना सिकाइ अनुभव आदानप्रदान गर्ने हुँदा यो विधि सिकाइका दृष्टिले उत्तम मानिन्छ । यस विधिका प्रक्रियागत चरण यसप्रकार छन् :

**पहिलो चरण :** विज्ञ समूहका लागि शिक्षकले प्रश्न निर्माण गरिन्छ । यो तयारी गर्दा हरेक समूहका लागि प्रश्न सेट तयार गरिन्छ र प्रश्न बनाउँदा तोकिएको पाठ्यांशबाट बनाइन्छ ।

**दोस्रो चरण :** शिक्षकले ४/५ जनाको समूह बनाइ विद्यार्थीलाई मातृ समूहमा बस्न लगाउने । - एक आपसमा घुलमिल हुने र सौहार्द्रपूर्ण व्यवहार प्रदर्शन गर्ने परिवेश तयार गर्ने ।

**तेस्रो चरण :** शिक्षकले मातृ समूहका विद्यार्थीलाई विज्ञ समूहमा मिलेर काम गर्न लगाउने । मातृसमूहका कम्तिमा एक एक जनालाई विज्ञ समूहमा नेताको छनोट गर्ने ।

**चौथो चरण :** शिक्षकले प्रत्येक समूहलाई आफ्नो समूहमा परेको प्रश्नको उत्तर खोज्न लगाउने । विज्ञ समूहमा रहेर प्राप्त गरेको सूचना मातृ समूहमा गएर कसरी प्रस्तुत गर्ने भन्ने तयारी गर्ने । समस्या भए शिक्षकले सहयोग गर्ने ।

**पाँचौँ चरण :** विज्ञ समूहमा रहेर आर्जन गरेको ज्ञान मातृ समूहमा फर्केर प्रयोग गर्ने । निश्चित समयभित्र छलफल गरी टुङ्गोमा पुग्ने र आफ्नो विज्ञता प्रस्तुत गर्ने मौका दिइने । यसमा छलफल र प्रश्नोत्तरले विशेष प्राथमिकता पाउने ।

**घ) सोच जोडीमा छलफल आदान प्रदान (Think, Pair, Share)** समान सोच भएका जोडीहरू बनाउन र तिनका माध्यमबाट सिकाइमा लगाव बढाइ पाठप्रति उत्सुकता जगाउन यो विधि उपयोगी मानिन्छ । सिर्जनशील छलफल गर्न र चिन्तन विकास गर्न यो विधि अवलम्बन गरिन्छ । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** शिक्षकले दिएका प्रश्नका विषयमा तोकिएको समयभित्र सोच विचार गर्ने ।

**दोस्रो चरण :** आफ्नो जोडीसँग छलफल गरेर साझा विचार बनाउने ।

**तेस्रो चरण :** सबै जोडीले आफ्ना विचार सबैसँग प्रस्तुत गर्ने । प्रस्तुत भएका विचार टिपोट गर्ने ।

**ङ) सङ्क्षिप्त/द्रुत लेखन (Quick Write) :** छलफल गरिएका र गरिने क्रममा आएका स्वतस्फूर्त रचनात्मक र सिर्जनात्मक असल विचारलाई तत्कालै टिपोट गर्न र त्यसलाई लिपिबद्ध गर्न यो विधि उपयोगी मानिन्छ । अनौपचारिक पक्ष भित्रका महत्तवपूर्ण कुरालाई समेट्न यो विधि सर्वोपयोगी मानिन्छ । ५-१० मिनेटभित्र सम्पन्न गरिसक्नुपर्ने क्रियाकलापका लागि यस विधिलाई उपयोग गरिन्छ । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** आफूले दिन लागेको विषयमा विद्यार्थीहरूलाई छोटो विचार लेख भनेर बताउने र निर्दिष्ट समय सीमाभित्र निरन्तर लेख्न भन्ने ।

**दोस्रो चरण :** विद्यार्थीलाई लेख्नका लागि निर्दिष्ट विषय दिने ।

**तेस्रो चरण :** समय यकिन गरिदिने । यसले लेखनमा द्रुतता दिलाउन सहयोग गर्ने र समयमा काम फत्ते हुने हुन्छ ।

**चौथो चरण** विद्यार्थीले तयार गरेको लेख प्रस्तुत गर्न लगाउने । यसरी प्रस्तुत भएका लेखमा आवश्यकता अनुसार परिमार्जन गरेर प्रकाशन योग्य बनाउन सकिने ।

**च) मान्यता (Value line)** मान्यतालाई सहयोगात्मक सिकाइ क्रियाकलापका रूपमा अर्थ्याइन्छ । अरुका फरक वा भिन्न विचार आउन सक्ने विषयमा विद्यार्थीलाई आफना विचार राख्न लगाउन उपयोग गरिन्छ । विचार वा भनाइमा हुने सहमति वा असहमतिका बिचको विभेद कारणसहित प्रस्तुत गर्नु वा अरुका तथ्यपरक विचारको सम्मान गर्नु यसको प्रमुख पक्ष हो । यस किसिमको रचनात्मक र सिर्जनात्मक गुण विद्यार्थीमा हुनुपर्दछ । यस किसिमको अभ्यासले कुनै विषयमा ध्यान दिने, त्यसमा आफ्नो राय दिने, अरुका धारणा सुन्ने, तथ्य र तर्क पर्गेल्ने कारणसहित स्वीकार वा अस्वीकार गर्ने जस्ता पक्ष यसमा प्रमुख रहन्छन् । यसका चरणहरू निम्नलिखति छन् :

**पहिलो चरण :** शिक्षकले कक्षालाई विपक्ष वा पक्षमा खडा हुने खालका प्रश्न सोध्ने । उत्तरका रूपमा प्राप्त तथ्य समर्थन वा विरोधका रूपमा प्रस्तुत हुने/हुनुपर्ने ।

**दोस्रो चरण :** हरेक विद्यार्थीले आफ्नो तथ्य र तर्क स्वतन्त्र भएर टिपोट गर्ने वा लेख्ने ।

**तेस्रो चरण :** शिक्षक र विद्यार्थी विपरित दिशामा रहने र छलफल गर्न लागिएको विषय पनि विल्कुल उल्टो धारणा आउने प्रकृतिको रहेको/रहने/हुनुपर्ने ।

**चौथो चरण :** विद्यार्थीलाई आफ्नो राय वा मत मिल्ने समूहतिर लाग्न निर्देश गर्ने । यसले स्पष्ट रूपमा समूह बनाउने ।

**पाँचौ चरण :** आफ्नो समूहका विद्यार्थीलाई छलफल गर्न लगाइ मत फरक भए अर्को समूहमा पठाउने गर्नुपर्छ ।

**छैटौं चरण :** दुवै समूहका विद्यार्थीले तर्क र तथ्यका आधारमा छलफल जारी राख्ने ।

**सातौं चरण :** प्रत्येक समूहका प्रतिनिधि एक/एक जनालाई आफ्ना विचार प्रस्तुत गर्न लगाउने । तथ्य र तर्कमा आधारित रहेर गरिएको विचारलाई मान्यता दिने । विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित विधिलाई प्राथमिकता दिएर सिकाइ अगाडि बढाउनुपर्छ । माथि उल्लेख गरिएका केही नयाँ विधिहरू हुन् वा पुराना विधि नै किन नहुन्, सबैमा विद्यार्थीको सक्रिय भूमिकाले

महत्त्व पाउनुपर्छ । माथि उल्लेख गरिएका विधिहरू नमुना हुन् । पाठ्यक्रमको आवश्यकता अनुसार अन्य विधिहरू पनि उपयोगमा ल्याउन सकिन्छ ।

**अभिलेखीकरण तथा सिकाइ उपलब्धि/सक्षमता मापन :** विद्यार्थीहरुलाई आफूले सिकेका कुराहरुको अभिलेखीकरण गर्न लगाउनु पनि सहजीकरण प्रक्रियाको एक महत्वपूर्ण अङ्ग हो । यहाँ अभिलेखीकरण गर्नु भन्नुको अर्थ विद्यार्थीहरुले सिकेका कुराहरुलाई हुबहु कपीमा लेख्ने भन्न खोजिएको होइन् । विद्यार्थीहरुले आफूले सिकेका कुराहरुको अभिलेखीकरण गर्ने क्रममा विषयवस्तुमा आधारित कथा, कविता, निवन्ध आदि लेख्ने, चित्र बनाउने, विभिन्न फोटोहरु टाँस्ने वा वास्तविक वस्तुहरु नै टाँस्ने, जस्तैः कुहिने र नकुहिने वस्तु छुट्याउने विषय छ भने कागजको टुक्रा र प्लाष्टिक टाँस्ने, कुनै विरुवाको जीवनचक्र वा खेती सम्बन्धी छ भने त्यसको विउ, पातहरु टाँस्न सकिन्छ । कुनै विषय वस्तुमा क्षेत्र भ्रमण, अवलोकन आदि गराइएको छ भने त्यसको सामूहिक परियोजना कार्य गराइ प्रस्तुत गर्न लगाउनुपर्छ ।  कुनै विषयवस्तुहरुमा विद्यार्थीहरुलाई सिपसँग सम्बन्धित सामग्रीहरु बनाउन लाई प्रस्तुत गर्न लगाउने । जस्तैः बाँसका सामग्री बनाउन लगाउने । विद्यार्थीहरुलाई विषयवस्तुको सहजीकरणका क्रममा यस्ता विभिन्न कार्यहरु गराउँदा उनीहरुसँग सिकेका कुराहरुको अभिलेख रहिरन्छ र भविष्यमा पूनरावलोकन गर्न समेत सहज हुन्छ । यसरी विद्यार्थीहरुले गरेको अभिलेखको प्रस्तुति गर्न लगाइ उनीहरुलाई सकरात्मक पृष्ठपोषण (Positive feedback) सहित हौसला प्रदान (Appreciation) गर्नुपर्दछ । विद्यार्थीहरुको अभिलेखीकरण, प्रस्तुति, अभिनय जस्ता कार्यहरुबाट सहजकर्ताले सहजीकरण गरेका विषयवस्तुहरुको सिकाइ उपलब्धि, सक्षमता, सिप कति हाँसिल भयो भन्ने कुराको मापन समेत गर्न सक्छन् । सिकाइ सहजीकरणका क्रममा विद्यार्थीहरुको दैनिक कार्य, अनुभव, सिप तथा व्यवहारिक परिवर्तनको समेत अवलोकन गर्दै सहजकर्ताले समेत प्रत्येक विद्यार्थीहरुको दैनिक अभिलेख राख्ने कार्य सम्पन्न गरेपछि मात्र सहजीकरणको प्रक्रिया पूरा भएको मानिन्छ । विद्यार्थी तथा सहजकर्ता दुवैले राख्ने अभिलेखबाट विद्यार्थी मूल्याङ्कन प्रक्रिया सम्पन्न गर्न समेत सजिलो हुन्छ ।

## १०. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस स्थानीय विषयको पठनपाठनपछि विद्यार्थी मूल्याङ्कनका निम्न तरिकाहरु अवलम्बन गरिने छ ।

१. आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरीने भएकोले यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि यस पद्धतिलाई अनुशरण गरिने छ ।

२. स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले गरेर, अवलोकन गरेर सिक्ने भएकोले नियमित विद्यार्थी अवलोकन गरेर, पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गरिने छ ।

३. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाइल रहने छ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख रहनेछ र त्यस आधारमा मूल्याङ्कन गरिने छ ।

४. कक्षा १-३ को विद्यार्थी मूल्याङ्कनका लागि निरन्तर मूल्याङ्कन पद्धति (Continuous Assessment System-CAS) अपनाउनुपर्दछ । जसमा सैद्धान्तिक तथा प्रयोगात्मक क्रियाकलापहरू समावेश गर्नु

पर्दछ । यसैका आधारमा कक्षोन्नति गरिने छ । यसका लागि निरन्तर मूल्याङ्कन पद्धतिको अनुसूची फारम प्रयोगमा ल्याउनु पर्नेछ ।

५. कक्षा ४-५ मा ५०% निरन्तर मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) (CAS) र ५०% निर्णयात्मक (बार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । बिद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा गरिने छ । तर कक्षा ४-५ को  लिखित मूल्याङ्कन अक्षराङ्कन मूल्याङ्कन पद्धतीमा गरिने छ ।

६. निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा थप सहायताका साथ पुन मूल्याङ्कन गरी सिकाइ उपलब्धि स्तर बृद्धि पश्चात सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक, र प्र. अ. को निर्णयबाट कक्षोन्नति गर्न सकिनेछ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

७. आधारभूत तहको अन्त्य (कक्षा ८) मा ५०% निर्णयात्मक (बार्षिक परीक्षा) र ५०% निर्माणात्मक/प्रयोगात्मक/आन्तरिक त्रैमासिक परीक्षा पद्धतिबाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० % हुनेछ र अक्षराङ्कन मूल्याङ्कन पद्धतीमा गरिनेछ ।

९. विद्यार्थीहरूको मूल्ल्याङ्कन गर्दा ज्ञान तथा बोध तहका (Knowledge Level) अति छोटा प्रश्नहरू, सामान्य बुझाइका आधारमा उत्तर दिने छोटा प्रश्नहरू समेट्नु पर्दछ । त्यसैगरी विष्लेषण गर्ने, अनुसन्धान गर्ने, विभिन्न सामानका नमुनाहरू बनाइ प्रस्तुत गर्ने, कुनै कामहरु आफै गर्न सक्ने र विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि सिप तहका (Skill Level) प्रश्नहरु समेट्नु पर्दछ । यसका साथै व्यवहारकौशल सिप/व्यवहारिक परिवर्तन (Soft Skill/Attitude) सँग सम्बन्धित किसिमका प्रश्नहरू समावेश गर्नुपर्ने छ ।

१०. प्रयोगात्मक तथा परियोजनामूलक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यसभित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहार परिवर्तन जस्ता पक्षहरू समेट्नुपर्ने छ ।

११. प्रयोगात्मक तथा परियोजनामूलक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्ने छ ।

१२. कक्षा १ देखि ५ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रुब्रिक्सको विकास गरिने छ । रुब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाइने छ ।

१३. विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख गरेको प्रावधान प्रतिकूल नहुने गरी हुने छ ।

### ११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

स्थानीय विषयको यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक र विषय शिक्षकको भूमिका महत्वपूर्ण हुने छ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिने छ । समूदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय, क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा उपयोग गरिने छ । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यता अनुसार स्थानीय भाषा, नेपाली भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्ने छन् । विषय क्षेत्रमा आबद्ध गाउँपालिका एवम् जिल्लाका विवरणहरू सङ्कलन गरी पठनपाठनमा प्रयोग गरिनेछ । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ । विद्यार्थीहरूको समूहकार्य, अन्तरक्रियालाई जोड दिइने छ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण, तालिम आदिको व्यवस्था गरिने छ ।

### १२. समय निर्धारण

आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक ५ कार्यघण्टा हुनेछ जसमा वार्षिक १६० कार्यघण्टा पठनपाठन गर्नु पर्नेछ ।  त्यसैगरी आधारभूत तह कक्षा ४-५ मा स्थानीय विषयको साप्ताहिक ४ कार्यघण्टा कायम गरी वार्षिक १२८ कार्यघण्टा दिइएको छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यबिधि बमोजिम प्रत्येक विद्यालय खुल्नेछ र पठनपाठन हुने छ । कक्षा १-३ मा वार्षिक १६० कार्य घण्टा नघट्ने र कक्षा ४-५ मा वार्षिक १२८ कार्यघण्टा नघट्ने गरी ४० मीनेट वा ४५ मिनेट वा १ घण्टाको पिरियड बनाउन सकिने छ । पाठ्यांश अनुसार विद्यार्थीहरूलाई अध्ययन/अवलोकन भ्रमण/प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिने छ ।

### १३. पाठ्यक्रम परिमार्जन

मानिसका सामाजिक इच्छा, आकाङ्क्षा र आवश्यकताहरूको परिवर्तनसँगै आवश्यकता अनुसार यो पाठ्यक्रमलाई परिमार्जन र परिष्कृत गर्दै लगिनेछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, साँस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको सकारात्मक सन्र्दभहरूको खोज, अनुसन्धान र अध्ययन गरिनेछ र प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ । परिवर्तित सन्दर्भलाई यस पाठ्यक्रमले निरन्तर सम्बोधन गर्दै अगाडि बढ्ने छ ।

## अनुसूचीहरु

## अनुसूची १

### विधा/क्षेत्र, क्रम अनुसार कक्षागत अनुमानित पाठ सङ्ख्या तालिका

| क.स. | बिधा/क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १. | सिद्धलेक गाउँपालिकाको परिचय | २ | २ | २ |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | ३ | ३ | ३ |
| ३. | प्रकोप/विपद व्यवस्थापन | १ | १ | १ |
| ४. | धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल | २ | २ | २ |
| ५. | स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति | ३ | ३ | ३ |
| ६. | स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता | २ | २ | २ |
| ७. | सामाजिक मूल्य मान्यता र असल संस्कार | २ | २ | २ |
| ८. | स्थानीय खेलकुद, योग र सन्तुलित भोजन | २ | २ | २ |
| ९. | हरित विद्यालय निर्माण | १ | १ | १ |
| **जम्मा** | | **१८** | **१८** | **१८** |

| क.स. | बिधा/क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १. | सिद्धलेकगाउँपालिकाको परिचय | २ | २ |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | ४ | ४ |
| ३. | प्रकोप/विपद व्यवस्थापन | १ | १ |
| ४. | धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल | २ | २ |
| ५. | स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति | २ | २ |
| ६. | स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता | ३ | ३ |
| ७. | सामाजिक मूल्य मान्यता र असल संस्कार | २ | २ |
| ८. | स्थानीय खेलकुद, योग र सन्तुलित भोजन | २ | २ |
| ९. | हरित विद्यालय निर्माण | १ | १ |
| **जम्मा** | | **१९** | **१९** |

## अनुसूची २

## विद्यार्थी मूल्याङ्कन योजना

### (क) निरन्तर मूल्याङ्कन प्रक्रिया

कक्षा १–३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा ४-५ मा भने ५०% निरन्तर मूल्याङ्कन/निर्माणत्मक/आन्तरिक परीक्षा सञ्चालन गर्नुपर्दछ भने बाँकी ५०% को लिखित/अन्तिम परीक्षा सञ्चालन गर्नुपर्दछ । कक्षा १-५ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख राख्नुपर्छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिनु उपयुक्त हुने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ । यसरी विद्यार्थीलाई गृहकार्य दिनु परेमा दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन ।

कक्षा १–५ मा विद्यार्थी निरन्तर/आन्तरिक मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुनेछ :

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गर्नुका साथै सबै विद्यार्थीलाई थप तथा माथिल्लो स्तरको सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइ क्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ । विद्यार्थीको मूल्याङ्कनमा यथासक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नुपर्दछ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषयगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कन पश्चात कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरण सहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नु पर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।

१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

## मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धि अनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्को गुण भनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ । मूल्याङ्कन साधनहरूको अर्को महइभ्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो । यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ । पहिलो, विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधना विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकता अनुरुपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो ।

मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । के कस्ता तरिका तथा साधनहरू प्रभावकारी हुन्छन् भन्ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छन् भन्ने कुरा अघिल्लो अनुच्छेदमा उल्लेख गरिसकिएको छ । त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्नेकुरा उपयुक्त नहुने भएकाले मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ । यसको थप विस्तृतीकरण विषयक्षेत्रगत रूपमा अनुसूचीमा समावेश गरिएको छ । शिक्षकले आवश्यकतानुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

शिक्षण सिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नअनुसार छन् :

**१. कक्षा सहभागिता :** नियमित रूपमा कक्षामा नआउँदा शिक्षण सिकाइ कार्य कमजोर हुने भएकाले नियमित रूपमा हाजिरी र कक्षामा सहभगितामा पनि ध्यान दिनुपर्छ । विद्यार्थीको कक्षा कार्यमा सहभागिताको परीक्षण गर्ने विभिन्न साधनहरू तयार गरी विद्यार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्कन गर्न सकिन्छ ।

**२. लिखित तथा मौखिक कार्य :** अध्ययन अध्यापनका क्रममा कुराकानी तथा छलफललगायत लिखित तथा मौखिक प्रश्नहरू गरेर पनि सिकाइ अवस्थाका बारेमा जानकारी लिन सकिन्छ । छोटा छोटा

कक्षा परीक्षा सञ्चालन गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यस्ता परीक्षाहरू औपचारिक किसिमका र लामा नभई अनौपचारिक स्वरूपका छोटा हुनु उपयुक्त हुन्छ । विषयवस्तुको स्वरूप तथा परीक्षण गरिने सिकाइ आधारभूत तहको पाठ्यक्रम, २०७६ उपलब्धिलाई विचार गरेर लिखित वा मौखिक प्रतिक्रिया प्राप्त हुने परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । त्यस्तै, कक्षामा गर्न दिएका कार्य नियमित रूपमा सक्रियतापूर्वक गरे नगरेका, यदि गरेको भए सही रूपमा गरे वा नगरेको हेरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीले सही रूपमा कक्षा कार्य नगरेको भए आवश्यक पृष्ठपोषण दिनुपर्दछ । कक्षामा गर्न नसकिएका कार्यहरू र थप अभ्यास गर्न केही गृहकार्य पनि दिन सकिन्छ । गृहकार्य गराइको मूल्याङ्कन गरी थप पृष्ठपोषण दिन सकिन्छ । तर कक्षा १-३ का विद्यार्थीलाई सामान्यतया गृहकार्यको बोझ दिनुहुन्न । यस तहका विद्यार्थीलाई गृहकार्य कुनै विशिष्ट अवस्थामा न्यून मात्रामा मात्र दिनुपर्छ अर्थात् दैनिक र नियमित गृहकार्य दिनु आवश्यक हुन्न ।

**३. परियोजना तथा प्रयोगात्मक कार्य :** विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा परियोजना कार्य गर्न दिनुपर्छ । जस्तै : आफ्नो समुदायमा बोलिने भाषाभाषीको विवरण ल्याउने, समुदायमा बोलिने भाषाको अवस्था पहिचान गर्नुपर्छ । यसमा चरणबद्ध र व्यवस्थित रूपमा पूरा कार्य गरे वा नगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनुपर्दछ ।

**४. अवलोकन :** सिकेका कुरा व्यवहारमा प्रयोग गरे वा नगरेको, कार्यसम्पादन गर्न सके वा नसकेको अवलोकन गरी पृष्ठपोषण दिन सकिन्छ ।

**५. विद्यार्थीका कार्यको प्रदर्शन** : विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराइ उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ । यसमा सिर्जनात्मक कार्य कविता निबन्ध, कथा लेखन, चित्र बनाउने आदिको प्रदर्शन पनि गराउन सकिन्छ ।

**६. घटनावृत्त अभिलेख :** विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।

**७. छोटा परीक्षा :** कुनै विषयवस्तुको सिकाइपश्चात् विषयवस्तरको प्रकृति अनुसार लिखित तथा मौखिक परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । यस्ता परीक्षाहरू अनौपचारिक रूपमा सञ्चालन गर्नु पर्छ । यस्तो अनौपचारिक रूपमा सञ्चालन गरिने परीक्षाले विद्यार्थीहरूलाई परीक्षाको त्रासबाट मुक्त गर्न सहयोग पुग्नाका साथै सहज ढङ्गबाट सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।

**८. स्व र सहपाठी मूल्याङ्कन :** विद्यार्थीले आफूले केकति सिक्न सकेँ भनी सिकाइसँग सम्बन्धित विभिन्न कार्य सम्पादनलगायत अन्य माध्यमबाट सिकाइ अवस्थाको मूल्याङ्कन गरी स्वपृष्ठपोषण प्राप्त गरी सिकाइ सुधारको अवसर सिर्जना गर्न सकिन्छ । विद्यार्थीले आफ्नो सिकाइ तथा कार्यबाट अनुभव तथा सिकाइको प्रत्यावर्तन (reflection) गर्ने विभिन्न नमुनाहरूमा विद्यार्थीलाई प्रत्यावर्तन लेख्न लगाइ त्यसका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । त्यसै गरी कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यको मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गर्न सकिन्छ ।

**९. अभिभावकको प्रतिक्रिया :** विद्यार्थीले कार्यसम्पादन, व्यवहारमा भएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइका बारेमा अभिभावकको राय तथा प्रतिक्रियाबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यसमा शिक्षक र अभिभावक छलफल गर्ने वा शिक्षक, अभिभावक र विद्यार्थीबिच छलफल गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकले पनि यसबाट शिक्षण सिकाइ प्रक्रियामा सुधारका लागि आधार पनि प्राप्त हुन सक्छ ।

विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने उल्लिखित कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ ।

कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी

विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाइ सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

**विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू**

| क.स. | मूल्याङ्कन आधार/सूचक | मूल्याङ्कनका सम्भावित साधन |
|---|---|---|
| १. | कक्षा सहभागिता | अवलोकन, दैनिक क्रियाकलाप, अभिभावक प्रतिक्रया, रुजु सूची, हाजिरी फारम, रुब्रिक्स |
| २. | मौखिक कार्य | अवलोकन, रुजु सूची, फारम, दैनिक क्रियाकलाप, रुब्रिक्स |
| ३. | लिखित कार्य | अवलोकन फारम, रुजु सूची, रुब्रिक्स, लेखन तरिका |
| ४. | परियोजना तथा प्रयोगात्मक कार्य | प्रस्तुति अवलोकन फारम, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न,  श्रव्य तथा दृश्य सामग्री, |
| ५. | कार्य समपादन तथा प्रदर्शन | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री, प्रस्तुति अवलोकन फारम, लेखन शैली |
| ६. | सहपाठी मूल्याङ्कन | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री, मौखिक प्रश्न, प्रस्तुति अवलोकन फारम आदि । |
| ७. | स्वमूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फारम |
| ८. | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फारम |
| ९. | कुराकानी, छलफल | अवलोकन, रुजू सूची, श्रेणी मापन, फारम |

**विद्यार्थी उपलब्धि स्तरको व्याख्या**

| उपलब्धि स्तर | स्तर मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

१. सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनमध्ये फाराममा उल्लेख भएमा त्यसमा चिह्न लगाउनु पर्छ । फाराममा उल्लेख भएका बाहेक अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्नुपर्छ ।

२. प्रत्येक सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी यकिन गनुपर्छ। यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्राप्त गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ। यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा विद्यार्थीले १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ। यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भए अनुसार अभिलेखित गनुपर्छ।

४. सामान्यतया प्रत्येक विद्यार्थीको सिकाइस्तर न्यूनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १ मै छाड्न भने हुँदैन। कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ भन्दा माथि जान सकेन भने त्यसको कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ। उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ। शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ।

५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\textbf{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\textbf{उपलब्धिस्तरको अङ्कको जोड} \times १००}{४ \times \textbf{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}}$$

**प्रतिशतका आधारमा श्रेणी निर्धारण गर्ने तरिका**

पाठगत आधारमा मापन गरिसकेछि हरेक त्रैमासिकमा उपलब्धि स्तर प्रतिशतका आधारमा विद्यार्थीहरुलाई निम्न लिखित तरिकाले अक्षराङ्कन पद्धतिमा छुट्याउनु पर्दछ।

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अंक | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युतम (Excellent) |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उतम (Good) |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

* ५०% निरन्तर मूल्याङ्कन/आन्तरिक परीक्षाबाट लिईन्छ भने बाँकी ५०% आवधिक/अन्तिम परीक्षाबाट लिईन्छ ।

## विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनु पर्ने हुनसक्दछ । शिक्षकले विद्यार्थीको आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरुप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नु पर्दछ । विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको विविधता र परिस्थितिजन्यतालाई विचार गर्दा सबै तरिका तथा साधनहरू उल्लेख गर्न सम्भव देखिदैन र यसो गर्नु उपयुक्त पनि हुँदैन । त्यसैले यहाँ वैकल्पिक तरिका तथा साधनका केही उदाहरण मात्र प्रस्तुत गरिएको छ ।

- दृष्टि क्षमता कमजोर भएका विद्यार्थीका लागि पढ्नुपर्ने सामग्रीवा प्रश्न ठुलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्ने वा परीक्षा दिने व्यवस्था गर्ने, परिस्थितिअनुरूप आवश्यक देखिए अतिरिक्त समय दिने इत्यादि ।
- दृष्टिविहिनमध्ये ब्रेललिपि पढ्न र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिने । तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्ने । जस्तै विकल्पका रूपमा प्रश्न वा कार्यको निर्देशनको अडियो रेकर्डिङ दिएर उत्तर वा कार्यको विवरण अडियो रेकर्डिङ गर्न लगाउने । यस्ता विद्यार्थीहरूका लागि चित्र बनाउने तथा प्रयोगात्मक कार्यमा विकल्प तयार गर्ने ।
- दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहिनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्ने भएमा त्यसको उपयोग गर्ने ।
- कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिइ आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्ने । यस्ता विद्यार्थीका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्ने ।
- शारीरिक रूपमा कमजोर तथा अपाङ्गता भएकाहरूका लागि अपाङ्गताको स्वरूप अनुरूपको वैकल्पिक प्रबन्ध गर्ने ।
- बौद्धिक अपाङ्गता भएका लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्ने ।

**(ख) निर्णयात्मक (आवधिक) परीक्षा**

**कक्षा : ४-५** अंकभार : ५०

समय : १ घण्टा ३० मिनेट उत्तीर्णाङ्क: अक्षराङ्कनमा मूल्याङ्कन गरिने

**औशत प्रश्न तालिका (तहगत रुपमा)**

| ज्ञान/बोध तह (Knowledge/Understanding Level) | सिप/उच्च तह (Hard Skill Level/Higher Abilities) | व्यवहारिक परिवर्तन/उच्च तह (Soft Skill/Attitude/Higher Abilities) |
|---|---|---|
| ५० % | ३०% | २० % |

**(ग) परीक्षा प्रक्रिया**

- ❖ विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative) पद्धति तथा निर्णयात्मक (Summative) पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical) दुबै अपनाउनु पर्दछ ।
- ❖ ज्ञान तथा बोध तह (Knowledge/Understanding Level) मा अति छोटा प्रश्नहरू पर्दछन् । जस अन्तर्गत वस्तुगत बहुबैल्पिक उत्तर, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीक बेठीक छुट्याउने, चित्र हेरेर चिन्ने आदि पर्दछन् । त्यसैगरी छोटो उत्तर लेख्ने/भन्ने एक वाक्य देखि चार वाक्यसम्मको उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू पर्दछन् ।
- ❖ सिप तथा उच्च तह (Hard Skill/Higher Abilities) अन्तर्गत लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू पर्दछन् । जसमा विद्यार्थीको ब्याख्या गर्ने, विश्लेषण गर्ने, नमूनाहरू बनाउने, गरेर देखाउने, व्यवहारिक ज्ञानको क्षमता आदि पर्दछन् ।
- ❖ व्यवहार कौसल सिप/व्यवहारिक परिवर्तन तथा उच्च तह (Soft Skill/Attitude/Higher Abilities) अन्तर्गत सकरात्मक परिवर्तन, विद्यार्थीहरुको दैनिक आनीबानी, समाजिक कार्यहरुमा सहभागिता, सम्मान आदि जस्ता कुराहरूको मूल्याङ्कन गरिन्छ ।
- ❖ मूल्याङ्कनमा संज्ञानात्मक (Congnitive), भावनात्मक (Affective) तथा मनोक्रियात्मक (Psychomotor) क्षेत्रलाई समेत समेटेको हुनुपर्दछ ।
- ❖ प्रयोगात्मक क्रियाकलापमा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमूनाहरू बनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्ने छ । यस भित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहारिक परिवर्तन जस्ता कुराहरू पर्दछन् ।
- ❖ प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, जैविक विविधता, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/बिपद्का उदाहरणहरू, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनु पर्दछ ।

## अनुसूची ३
## विधा/क्षेत्र, क्रम अनुसार कक्षागत अनुमानित प्रश्न सङ्ख्या योजना तालिका

**कक्षा ४-५**

| क.स. | विधा/क्षेत्र | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | जम्मा अङ्कभार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न सङ्ख्या | अङ्कभार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्कभार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्कभार | जम्मा अङ्क | | |
| १. | सिद्धलेक गाउँपालिकाको परिचय | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | ३ | १ | ३ | १ | २ | २ | १ | ३ | ३ | ५ | ८ |
| ३. | प्रकोप/विपद व्यवस्थापन | १ | १ | १ | १ | २ | २ | – | – | – | २ | ३ |
| ४. | धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल | २ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| ५. | स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| ६. | स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता | ३ | १ | ३ | १ | २ | २ | १ | ३ | ३ | ५ | ८ |
| ७. | सामाजिक मूल्य मान्यता र असल संस्कार | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| ८. | स्थानीय खेलकुद, योग र सन्तुलित भोजन | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| ९. | हरित विद्यालय निर्माण | १ | १ | १ | १ | २ | २ | - | - | - | २ | ३ |
| **जम्मा** | | **१४** | **१** | **१४** | **९** | **२** | **१८** | **६** | **३** | **१८** | **२९** | **५०** |

**नोटः**

१. प्रश्न बनाउँदा तीनै तहका (ज्ञान, बोध, उच्च/ज्ञान, सिप, व्यवहारिक परिवर्तन/संज्ञात्मक, भावनात्मक, मनोक्रियात्मक) प्रश्नहरु समावेश गर्नुपर्छ ।

२. ज्ञान तहमा १ अङ्कभार हुने, बोध तहमा २ अङ्कभार हुने र उच्च तहमा ४ अङ्कभार हुनेगरी प्रश्न निर्माण गर्नुपर्दछ ।

## अनुसूची ४

## विद्यार्थी मूल्याङ्कन अभिलेख फारम नमूना

**विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

विद्यालयको नाम : ...........................................................

ठेगाना :....................................... विद्यार्थीको नाम :.......................................

जन्म मिति : ...................................................कक्षा/रोल न.. :...................

विद्यार्थीको घरको ठेगाना : ......................................................................

परिवारिक विवरण : आमाको नाम : ....................................पेसा : ........................

सम्पर्क नं. : ........................ बाबुको नाम : ..........................................................

पेसा : ........................ सम्पर्क नं. : ........................

बाबु आमा बाहेक अरु कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको नाम : ..........................................पेसा : ........................ सम्पर्क नं. : ........................

विद्यार्थीसँगको नाता : ........................ विद्यालय भर्ना मिति : ..........................

**स्वास्थ्य सम्बन्धी विवरण**

**मिति** :.......................... **तौल (के.जी.मा)** :....................... **उचाइ (से.मि.मा)** :.............

कुनै विशेष रोग वा शारीरिक अपाङ्गता भएमा भएमा सो बारे टिपोट: ...................................................... शिक्षकको नाम र सही : .................................

मिति : ...............

**निरन्तर विद्यार्थी मूल्याङ्कन विवरण नमूना**

कक्षा :............ विषय :.......................... विद्यार्थीको नाम :..........................................रोल नं. :.........

| विषय क्षेत्र/पाठ | अपेक्षित सिकाइ उपलब्धि/सक्षमता | मूल्याङ्कन आधार/सिकाइ उपलब्धि सूचक | नियमित पढाई पछिको मूल्याङ्कन | मिति | थप सहायता पछिको पछिको मूल्याङ्कन | मिति | समग्र सिकाइ उपलब्धि स्तर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | सिकाइ उपलब्धि स्तर | | सिकाइ उपलब्धि स्तर | | | |
| | | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोटः** पाठहरुको सिकाइ उपलब्धि/सक्षमता पाठ्यक्रमले दिए अनुसार लेख्नुपर्दछ । मूल्याङ्कनका आधार/सूचकहरु अनुसूचीमा दिए बमोजिम राख्न सकिन्छ । कुन मितिमा मूल्याङ्कन गरेको हो, प्रत्येक पटकको मिति उल्लेख गर्नुपर्दछ । सिकाइ उपलब्धि स्तरलाई १ देखि ४ सम्म स्तरीकृत गर्ने, यदि कुनै विद्यार्थीको सिकाइ उपलब्धि सामान्यभन्दा पनि कम आएमा त्यस्ता विद्यार्थीको स्तर बढाउन थप सहायता कक्षा सञ्चालन गरी, पुनः सिकाइ उपलब्धि स्तर मापन गरी समग्र/औसत स्तर निकाल्नुपर्दछ । प्रत्येक त्रैमासिकमा विद्यार्थी मूल्याङ्कन विवरण फारमका आधारमा प्रत्येक विद्यार्थीको उपलब्धि स्तर/श्रेणी निर्धारण गरी अभिभावक समेतको सहभागितामा पृष्ठपोषण प्रदान गर्नुपर्दछ । कक्षामा उपस्थिती रेर्कड दैनिक हाजिर कापीबाट लिन सकिन्छ ।

## सन्दर्भ सामग्री


- नेपालको संविधान, २०७२, कानुन किताव समिति, बबरमहल, काठमाडौं: नेपाल सरकार
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कानुन किताव समिति बबरमहल, काठमाडौं: नेपाल सरकार
- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- आधारभूत तह कक्षा १-३ का लागि विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- सिद्धलेक गाउँपालिका गाउँपालिकाको कार्यालय बुङचुङ, धादीङ्ग गुरु योजना (भाग १)
- सिद्धलेक गाउँपालिका गुरु योजना भाग - २
- लेटर ग्रेडिङ, निर्देशिका २०७८, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- Ian Keith, Allen Rugambwa, Frances Vavrus, and Adrian Maganga : The Active Teaching and Learning Handbook, 2016